# शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

कोषराज पोखेल
क्याम्पस रोल नं १०३/२०६५/०६६
त्रि.वि. दर्ता नं. ०३५-०११२०८
परीक्षा रोल नं. २१८००५४/२०६७

जनता बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इटहरी, सुनसरी
२०७२

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका - २०७२
कोषराज पोखेल

# शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**


कोषराज पोखेल
क्याम्पस रोल नं १०३/२०६५/०६६
त्रि.वि. दर्ता नं. ०३५-०११२०८
परीक्षा रोल नं. २१८००५४/२०६७

जनता बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इटहरी, सुनसरी

२०७२

शोधपत्र पेस गरेको मिति
वि.सं. : २०७२/०४/१५
ई.सं. 31 July, 2015

शोधपत्र भाइभा मिति
वि.सं. २०७२/०८/०१
ई.सं. 17 Nov 2015

# प्रतिबद्धता-पत्र

प्रस्तुत **शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका** शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरू यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत् कोही र कसैमाथि पर्नजाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

....................

कोषराज पोखेल

शोधार्थी

मिति : २०७२/०४/१५

३१ जुलाई, २०१५

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय


प.सं. :
च.नं.:

मिति : २०७२/०४/१५
३१ जुलाई, २०१५

## सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र **कोषराज पोखेलले शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका** शीर्षकमा मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

श्री टोलनाथ काफ्ले
शोध निर्देशक

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं.:

मिति : २०७२/ /

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरीमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र कोषराज पोखेलले **शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका** शीर्षकमा प्रस्तुत शोधपत्रलाई यस तहको आंशिक आवश्यकता पूरा गर्न उपयुक्त देखिएको हुँदा मूल्याङ्कन समिति स्वीकृत गर्दछ ।

शोधपत्र मूल्याङ्कन समिति

| | हस्ताक्षर |
|---|---|
| १. श्री टोलनाथ काफ्ले<br>उप-प्राध्यापक<br>जनता बहुमुखी क्याम्पस इटहरी | ....................<br>विभागीय प्रमुख |
| २. श्री टोलनाथ काफ्ले<br>उप-प्राध्यापक<br>जनता बहुमुखी क्याम्पस इटहरी | .....................<br>शोध निर्देशक |
| ३. | ......................<br>वाह्य परीक्षक |

## कृतज्ञता


यो शोध अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहको दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्न **शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका** विषयको शोधपत्र तयार गरिएको हो । सुनसरी जिल्ला भादगाउँ सिनुवारी, बलाहा र भुटाहा स्रोतकेन्द्र अन्तर्गतका ६ वटा विद्यालयहरूबाट प्राप्त गरिएका अभिलेख, प्रश्नावली र सामुहिक छलफलबाट प्राप्त तथ्याङ्कहरूका आधारमा यो शोधपत्र तयार गरिएको छ ।

यो शोध अध्ययन अगाडि बढाउने क्रममा अमूल्य सुझाव, सल्लाह प्रदान गरी मार्गदर्शन गर्नुहुने विभागीय प्रमुख तथा शोध निर्देशक श्री टोलनाथ काफ्लेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । जनता बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री निरकुमार राईप्रति पनि आभार व्यक्त गर्दछु । त्यसैगरी अध्ययनका क्रममा स्रोतकेन्द्रमा रहेका विविध तथ्याङ्कहरू उपलब्ध गराएर सहयोग गर्नुहुने स्रोतव्यक्तिहरू युवराज प्रसाइ, गणेशकुमार पोखेल र सोमराज ढकालप्रति धन्यवाद व्यक्त गर्दछु । अध्ययनलाई अग्रगति प्रदान गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने संलग्न विद्यालयका अध्यक्षज्यूहरू, प्रधानाध्यापकज्यूहरू, शिक्षकहरू धन्यवादका पात्र हुनुहुन्छ । अनुसन्धानका क्रममा रचनात्मक सुझाव र सल्लाह दिनुहुने प्रियजन विमल गुरागाईं र भगतलाल चौधरीलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनलाई आकर्षक ढङ्गमा कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने नेहा कम्प्युटर सेन्टर इटहरी-५ की रन्जना अधिकारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत गर्दछु ।

कोषराज पोखेल
शोधार्थी

२०७२ श्रावण

## *शोधसार*

*प्रस्तुत शोध अध्ययन शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकासँग सम्बन्धित रहेको छ । शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकाको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।*

*प्रस्तुत अनुसन्धानका लागि गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । सुनसरी जिल्लाको भादगाउँ सिनुवारी, बलाहा र भुटाहा स्रोतकेन्द्र अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । ती विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स.अध्यक्ष र छनोटमा परेका स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई जनसङ्ख्याका रूपमा लिइएको छ । जस अनुसार प्र.अ.हरू ६ जना, शिक्षकहरू ६ जना, वि.व्य.स.अध्यक्षहरू ६ जना र स्रोतव्यक्तिहरू ३ जना नमुनाका रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतको उपयोग गरिएको छ । प्रश्नावली, विद्यालय सर्वेक्षण फारम, समूहगत छलफलका माध्यमबाट प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।*

*प्राप्त तथ्याङ्कका आधारमा स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षण अधिकतम वार्षिक ३ पटक मात्र हुने गरेको पाइएको छ । कतिपय विद्यालयमा वर्षमा एक पटक पनि स्रोतव्यक्तिबाट शैक्षिक सुपरिवेक्षण नभएको अध्ययनले देखाएको छ । न्यून शैक्षिक सुपरिवेक्षणकै कारण शैक्षिक सत्र ०६७ को तुलनामा ०६८ मा र ०६८, ०६९ को तुलनामा ०७१, ०७२ मा कक्षागत सिकाइ उपलब्धि कम हुँदै गएको छ । स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षण प्रभावकारी बन्न नसक्नुमा स्रोतव्यक्तिले वार्षिक कतिपटक विद्यालयमा अनिवार्य सुपरिवेक्षण गर्नु पर्ने हो, सोको किटान नहुनु, विद्यालयमा सुपरिवेक्षण भए/नभएको अनुगमन नहुनु, राम्रो काम गर्ने स्रोतव्यक्तिलाई प्रोत्साहन र प्रेरणा प्रदान गर्ने व्यवस्था नहुनु, राजनीतिक प्रभावका कारण स्रोतव्यक्तिले विद्यालयको यथार्थ स्थितिको चित्रण गरी प्रतिवेदन बुझाउन नसक्नु रहेका छन् ।*

*स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण उचित रूपले गर्न नसक्नुमा एकजना स्रोतव्यक्तिको तुलनामा अधिक विद्यालय सङ्ख्या र भौगोलिक क्षेत्र हुनु, स्रोतकेन्द्रमा थप स्टाफ र स्रोत सामग्री तथा सुविधा पर्याप्त नहुनु, स्रोतव्यक्तिले दिएका सल्लाह र सुझावहरूलाई विद्यालयहरूले आत्मसात नगर्नु, सुपरिवेक्षणलाई समन्वयात्मक रूपमा अघि बढाउन नसक्नु नै मुख्य समस्या रहेका छन् । उपर्युक्त समस्याहरूको निराकरण गर्न स्रोतव्यक्तिबाट नियमित र आवश्यकता अनुसार सुपरिवेक्षण कार्यलाई बढाउनु पर्ने, जिल्ला शिक्षा कार्यालयबाट स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणको अनुगमन गरी प्रतिवेदन बुझाउने व्यवस्था गर्नुपर्ने, स्रोतव्यक्तिलाई नियमित पुनर्ताजगी तालिम प्रदान गर्नुपर्ने,*

सुपरिवेक्षणलाई आधुनिकीकरण गर्नुपर्ने, शैक्षिक सुपरिवेक्षण गर्दा स्रोतव्यक्तिले अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने, शैक्षिक सुपरिवेक्षणसँग सम्बन्धित सरोकारवालाहरू सबैले आ-आफ्नो काम, कर्तव्य र अधिकारलाई अक्षरशः पालना गर्नुपर्ने सुझावहरू दिइएको छ । साथै शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई सम्बन्धित विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, अन्य पदाधिकारीहरू तथा शिक्षकहरूले समेत प्रत्यक्ष सहयोग गर्नुपर्ने देखिन्छ । जसबाट स्रोतव्यक्तिले प्रभावकारी रूपमा शैक्षिक सुपरिवेक्षण गर्न सक्छन् । यसका लागि स्रोतव्यक्तिलाई सबैले सहयोग गर्नुपर्ने देखिन्छ । यसरी शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई सम्बन्धित सबै शिक्षकरू, प्र.अ.हरू, वि.व्य.स. अध्यक्षहरू तथा पदाधिकारीहरूले आ-आफ्नो क्षेत्रबाट सहयोग गरेको खण्डमा मात्र शैक्षिक सुपरिवेक्षण प्रभावकारी हुन सक्छ ।

## विषयसूची


| | पृष्ठ |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता | घ |
| शोधसार | ङ-च |
| शङ्क्षिप्त शब्दको पूरा रूप | छ |
| **परिच्छेद एक : परिचय** | **१-१०** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ९ |
| १.६ अध्ययनको परिसीमा | ९ |
| १.७ शब्दावलीको अर्थ र परिभाषा | ९ |
| **परिच्छेद दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **११-२१** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ सैद्धान्तिक खाका | १८ |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | २० |
| **परिच्छेद तीन : अध्ययन विधि** | **२२-२५** |
| ३.१ अनुसन्धान ढाँचा | २२ |
| ३.२ तथ्याङ्क सङ्कलन विधि | २३ |
| ३.२.१ जनसङ्ख्या र नमुना | २३ |
| ३.३ अनुसन्धानका साधनहरू | २३ |
| ३.४ तथ्याङ्कका स्रोतहरू | २४ |
| ३.४.१ प्राथमिक स्रोत | २४ |
| ३.४.२ द्वितीय स्रोत | २४ |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | २४ |
| ३.६ तथ्याङ्क विश्लेषण विधि | २५ |

**परिच्छेद चार : नतिजाको छलफल** **२६-४५**

४.१ स्रोतव्यक्तिबाट हुने गरेको शैक्षिक सुपरिवेक्षणको अवस्था २६
४.१.१ स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण गर्दा गर्ने कार्यहरू २७
४.१.२ स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षण गर्दा अपनाउने तरिकाहरू २८
४.१.३ कक्षागत सिकाइ उपलब्धिको अवस्था २९
४.१.४ सुपरिवेक्षण पछि शिक्षकको पेसागत दक्षतामा आएको परिवर्तन ३१
४.१.५ स्रोतव्यक्तिले दिएको सुझाव र सल्लाहको कार्यान्वयन ३१
४.२ शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू ३२
४.२.१ स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू ३२
४.२.२ कक्षा शिक्षणमा सुधार ३३
४.२.३ प्र.अ. तथा शिक्षकका कमी कमजोरी ३४
४.२.४ विद्यालयका समस्या समाधानमा सहयोग ३४
४.२.५ भौगोलिक कठिनाइ ३५
४.३ शैक्षिक सुपरिवेक्षणका समस्याहरू ३५
४.३.१ शिक्षकहरूले औंल्याएका समस्याहरू ३५
४.३.२ प्रधानाध्यापकले औंल्याएका समस्याहरू ३६
४.३.३ वि.व्य.स.अध्यक्षले औंल्याएका समस्याहरू ३७
४.३.४ स्रोतव्यक्तिबाट व्यक्त समस्याहरू ३७
४.४ शैक्षिक सुपरिवेक्षणका समस्या समाधानका उपायहरू ३८
४.४.१ शिक्षकहरूबाट प्राप्त समाधानका उपायहरू ३९
४.४.२ प्रधानाध्यापकबाट प्राप्त उपायहरू ४०
४.४.३ वि.व्य.स.अध्यक्षहरूबाट प्राप्त उपायहरू ४१
४.४.४ स्रोतव्यक्तिबाट प्राप्त उपायहरू ४२

**परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरू** **४६-५०**

५.१ निष्कर्ष ४६
५.२ सुझावहरू ४८
५.२.१ नीतिगत तहका लागि सुझाव ४८
५.२.२ अभ्यास तहका लागि सुझाव ४८
५.२.३ अनुसन्धान तहका लागि सुझाव ४९
सन्दर्भसूची
अनुसूचीहरू

# तालिका सूची


| तालिका नं. | तालिका शीर्षक | पेज |
|---|---|---|
| 1 | जनसङ्ख्या, नमुना जनसङ्ख्या र नमुना छनोट विधि | 23 |
| 2 | शैक्षिक सुपरिवेक्षणको अवस्था | 26 |
| 3 | स्रोतव्यक्तिले विद्यालयमा शैक्षिक सुपरिवेक्षण गर्दा गर्ने कार्यहरू | 27 |
| 4 | स्रोतव्यक्तिले गर्ने सुपरिवेक्षणको तरिका | 29 |
| 5 | कक्षागत सिकाइ उपलब्धि | 30 |
| 6 | स्रोतव्यक्तिले दिएको सुझाव र सल्लाहको कार्यान्वयन | 31 |
| 7 | स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू | 33 |

## सङ्क्षिप्त शब्दको पूरा रूप

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का | : | जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मा.वि.नि. | : | माध्यमिक विद्यालय निरीक्षक |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.सं. | : | शिक्षक अभिभावक संघ |
| शै.व. | : | शैक्षिक वर्ष |
| क्षे.शि.नि. | : | क्षेत्रीय शिक्षा निर्देशनालय |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समयको परिवर्तन र मानवीय चेतनाको विकासको क्रमसँगै शिक्षालाई औपचारिक रुपले व्यवस्थित, व्यवहारिक र उद्देश्यमूलक तरिकाबाट अघि बढाएको ऐतिहासिक पृष्ठभूमि पाइन्छ । कुनै पनि कार्यलाई सफलतामा परिणत गर्न नियमित निरीक्षण, अनुगमन, सुपरिवेक्षण, निर्देशन र नियन्त्रण जस्ता कार्यहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । शिक्षा मानवीय विकासको मेरुदण्ड भएकाले यसको विकास अझ सशक्त र प्रभावकारी बनाई सिङ्गै मुलुकको उन्नति र मानवीय जीवनलाई सुखी बनाउन सकिन्छ । त्यसैले शैक्षिक क्षेत्रलाई लक्ष्य अनुरुप निष्कर्षमा पुऱ्याउन निरन्तर सुपरिवेक्षण गर्नु त्यत्तिकै आवश्यक छ ।

शैक्षिक सुपरिवेक्षणको विकासक्रमलाई हेर्ने हो भने औपचारिक शिक्षण प्रक्रियाको थालनीसँगै निरीक्षणको संकुचित घेरालाई विस्तृत बनाउन सुपरिवेक्षणको धारणा अघि सारिएको पाइन्छ । एफ.डब्लु.टेलरको वैज्ञानिक व्यवस्थापनको प्रभावका कारण सुपरिवेक्षण निरीक्षणकै रुपमा भए तापनि निरीक्षणको उद्देश्य शिक्षकलाई सदैव तालिम दिने, पेशागत दक्षता बढाउने र निरीक्षकले सहयोगात्मक भूमिका गर्ने गरी दक्षता अभिमुखीकरण गर्ने क्रमका रुपमा विकसित हुँदै आएको पाइन्छ । सन् १९३७ देखि १९५९ मा आइपुग्दा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सरोकारवालाहरू सबैलाई नीति निर्माण निर्णय र कार्यान्वयन पक्षमा सामुहिक सहभागिता गराई सामुहिक सहयोगात्मक निरीक्षण कालको रुपमा विकास भयो । त्यस्तै सन् १९६० देखि हाल सम्मलाई शैक्षिक सुपरिवेक्षणको अनुसन्धान अभिमुखीकरण कालको रुपमा मानिन्छ । शैक्षिक सुपरिवेक्षणबाट अध्ययन, अनुसन्धान, खोज, अन्वेषण गरी शिक्षण सिकाइ र शैक्षिक समस्यामा सुधार ल्याउन सकिन्छ भन्ने विश्वास रहेको पाइन्छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६२) ।

शैक्षिक सुपरिवेक्षण भन्नाले शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा गरिने शिक्षण सिकाइ क्रियाकलाप र अन्य शैक्षणिक कार्यक्रममा प्रभावकारिता ल्याउने, विद्यालयको शैक्षिक प्रशासनिक आर्थिक, भौतिक तथा मानवीय साधनहरूको यथार्थ अध्ययन गरी आवश्यकता अनुसार सुधार र विकास गर्न दिइने सुझाव निर्देशन र त्यस सम्बन्धी गरिने क्रियाकलापलाई जनाउँछ । विद्यालयमा उपयुक्त शैक्षिक वातावरण निर्माण गर्न, स्तरीय पाठ्यक्रमको तर्जुमा गर्न, पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको निर्माण तथा विकास गर्न शिक्षण विधिहरूको छनोट गर्न शैक्षिक उपलब्धिको लेखाजोखा गर्नका लागि जबसम्म सुपरिवेक्षण सेवा प्रभावकारी हुँदैन तबसम्म शिक्षण सिकाइमा समय सापेक्ष

सुधार, गुणस्तरीय शिक्षा समाज, राष्ट्र र व्यक्तिका आवश्यकता पूर्ति गर्ने शिक्षाको परिकल्पनामा तुसारापात हुन्छ । त्यसैले शिक्षा क्षेत्रमा शैक्षिक सुपरिवेक्षण निकै आवश्यक मानिन्छ ।

विद्यालयमा शैक्षिक गतिविधिहरू उद्देश्य र नियम बमोजिम चले नचलेको हेर्न र प्रशासकीय नियन्त्रण समेत राख्न वास्तवमा नै निरीक्षण कार्यको थालनी वि.स. १९९८ सालमा चिफ इन्स्पेक्टर स्कुल अफिस स्थापनाबाट सुरु भयो । वि.स. २००४ सालमा प्रशासनिक दृष्टिकोणले क्षेत्रियताका आधारमा पूर्वमा जनकपुर र पश्चिममा पाल्पामा डेपुटी स्कुल अफिस स्थापना गरी सो कर्यालयबाट विद्यालय निरीक्षणको कार्य गर्न थालियो । राणाकालको अन्त्यतिर देशलाई क्षेत्रहरूमा विभाजित गरी विद्यालय निरीक्षण गर्न जोनल इन्स्पेक्टर नियुक्त गरियो । वि.स. २००७ साल पछिको राजनीतिक परिवर्तनसँगै शिक्षा मन्त्रालयको स्थापना भई निरीक्षणलाई प्रभावकारी बनाउन केन्द्रमा चिफ इन्स्पेक्टर अफ स्कुल पद सृजना गरियो । त्यसपश्चात राजनीतिक परिवर्तनसँगै निरीक्षकको भूमिकामा समेत परिवर्तन भयो । विद्यालय संख्याको वृद्धि सँगै वि.स. २०१० सालमा मुलुकलाई सात डिभिजनमा गरी डिभिजनल इन्स्पेक्टर अफ स्कुल अफिस खडा गरी विद्यालय निरीक्षणको काम क्षेत्रिय इकाइबाट हुन थाल्यो । वि.स. २०१८ सालमा देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरी प्रत्येक अञ्चलमा अञ्चल शिक्षा अधिकारी र ७५ वटै जिल्लामा जिल्ला शिक्षा निरीक्षक नियुक्त गरी विद्यालय निरीक्षण कार्य अघि बढाइयो । वि.स. २०२७ सालमा शिक्षाका नीति नियमलाई परिमार्जन गर्दै अञ्चल शिक्षा अधिकारीको पद खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी जिल्लाका जिल्ला शिक्षा निरीक्षकको कार्यालय खडा गरियो (पण्डित, २०५४) ।

वि.स. २०२८ सालमा लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यालय सुपरिवेक्षणलाई वैज्ञानिक ढंगबाट अघि बढाएको देखिन्छ । प्रशासनिक निरीक्षण र विद्यालय निरीक्षणलाई स्पष्ट रुपमा सिमाङ्कन गरी विद्यालय निरीक्षणलाई प्रभावकारी बनाउन प्रा.वि.नि., नि.मा.वि.नि. र मा.वि.नि. गरी तीन तहका तालिम प्राप्त निरीक्षकहरूबाट विद्यालय निरीक्षणको व्यवस्था गरियो । शिक्षा नियमावलीमा नै निरीक्षणको कार्यलाई मार्गदर्शन गरेको पाइन्छ । यस योजनाले शिक्षण कार्यलाई व्यवस्थित बनाउन निरीक्षक र विद्यालयको अनुपात उपत्यका र तराईमा प्रा.वि.मा १:३०, नि.मा.वि. १:१० र मा.वि.मा १:७ गरियो ।

रा.शि.प.यो. २०२८ ले निरीक्षणलाई स्पष्ट व्यवसायिक शैक्षिक कार्यका रुपमा अघि बढाउन निरीक्षकको काम, कर्तव्य र अधिकार समेत तोकियो । रा.शि.प.यो. मध्यावधि मूल्याङ्कन २०३३ र पूर्णावधि मूल्याङ्कन २०३८ ले दिएको प्रतिवेदन अनुसार निरीक्षण क्षेत्रलाई सुधार गर्न वार्षिक

कार्यक्रम बनाउनु पर्ने, निरीक्षण नियमित गर्नुपर्ने र निरीक्षकलाई जिल्ला शिक्षा अधिकारीको प्राविधिक सहयोगीका रुपमा प्रस्तुत गर्नु पर्ने व्यवस्था गरियो । सुपरिवेक्षणका निम्ति क्षेत्रिय शिक्षा निर्देशनालयबाट सभा, बैठक र तालिम व्यवस्था गर्नु पर्ने भयो (काफ्ले, श्रेष्ठ र सिन्हा २०६२) ।

विद्यालय निरीक्षण कार्यलाई प्रभावकारी बनाउन २०३७/०३८ सालमा निरीक्षण एकाइ परियोजनाको थालनी भयो । २०३८/०३९ सालमा ग्रामीण विकास निम्ति शिक्षा विकास परियोजना नामक सेती परियोजना लागू गरियो । सेती परियोजना लागू भएसँगै विद्यालयहरूको समूह बनाई विद्यालयहरूलाई पायक पर्ने मा.वि.लाई स्रोतकेन्द्र बनाउने अवधारणा प्रचलनमा ल्याइयो । नियमित अनुगमन र निरीक्षण गर्ने कार्य स्रोतकेन्द्रवाला विद्यालयले गर्ने व्यवस्था मिलाइयो । वि.सं. २०४२ सालमा प्राथमिक विद्यालय परियोजना अनुसार स्रोतकेन्द्र अवधारणा कायम राखी सुपरिवेक्षकको जिम्मेवारी स्रोतव्यक्तिलाई तोकिएको पाइन्छ । स्रोतव्यक्तिको प्रमुख दायित्व आफ्नो स्रोतकेन्द्र भित्रका समूह विद्यालयहरूको निरीक्षण गरी शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउनु रहेको थियो । वि.सं.२०४९/०५० मा विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सहयोगमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्थापना गरियो । पहिलो चरणमा १९ जिल्ला, दोस्रो चरणमा ६ जिल्ला र तेस्रो चरणमा १५ जिल्ला गरी ४० जिल्लामा चरणबद्ध योजना लागू गरियो । प्राथमिक शिक्षा परियोजनामा जस्तै आधारभूत तथा प्राथमिक शिक्षा परियोजनामा सञ्चालित कार्यक्रमहरूको कार्यान्वयन गर्ने तल्लो निकाय स्रोतकेन्द्र निर्धारण भएकाले कार्यक्रमको सफल कार्यान्वयन र प्रगतिमा स्रोतकेन्द्र र स्रोतव्यक्तिको भूमिका सर्वोपरी रहेको पाइन्छ । यसरी यस परियोजनामा पनि स्रोतकेन्द्र स्थापना गरी निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने प्रयत्न भएको पाइन्छ (ढुङ्गाना, २०५९) ।

नेपालमा शैक्षिक सुपरिवेक्षणको व्याख्या रा.शि.प.यो. २०२८-२०३२ पूर्व देखि सामान्य रुपमा भए पनि त्यसको कुनै प्रभावकारीता देखिएन । खास गरेर रा.शि.प.यो.२०२८-२०३२ लागू भएपछि विद्यालय प्रशासन र सुपरिवेक्षणमा निकै प्रभावकारी आएको हो । विद्यालय सुपरिवेक्षणद्वारा नै विद्यालय सञ्चालन एवम् प्रशासनमा नियमितता आउने भएकाले विद्यालय प्रशासन र सुपरिवेक्षण एकै अर्थमा प्रयोग भएको हो । नेपालमा विद्यालय प्रशासनमा प्रभावकारीता सुपरिवेक्षणद्वारा रा.शि.प.को योजना २०२८-२०३२ ले ल्याएको हो । यसले प्र.अ. हरूलाई विशेष प्रशासनिक अधिकार प्रदान गरी विद्यालय प्रशासनको सुपरिवेक्षण निकै तदारुकता एवम् प्रभावकारीता साथ गरेको थियो । यस योजनाले शैक्षिक सुपरिवेक्षणको संरचना प्राथमिक विद्यालयको छुट्टै र माध्यमिक

र निम्न माध्यमिकलाई संयुक्त रुपमा गरी शैक्षिक सुपरिवेक्षणको संरचना मिलाएको थियो तर राष्ट्रिय शिक्षा आयोग २०४९ ले सबै तहको सुपरिवेक्षण एउटै सुपरिवेक्षकले गर्न पाउने व्यवस्था गऱ्यो । त्यस व्यवस्थामा प्रा.वि. देखि मा.वि. सम्म एउटै सुपरिवेक्षकले सुपरिवेक्षण गर्न पाउने व्यवस्था गरियो र प्रा.वि.नि. हरूलाई वि.एड. पढ्न छात्रवृत्ति प्रदान गरी क्रमिक रुपमा मा.वि., नि.मा.वि. बढुवा गर्दै लाने व्यवस्था मिलाइयो ।

प्राथमिक तर्फ विशेष निरीक्षण गर्न पहिलो वर्ष (२०४९-०५०) मा सेती परियोजना अन्तर्गत १९ जिल्लामा प्राथमिक शिक्षा परियोजना लागू गरियो । त्यस्तै दोस्रो वर्ष ०५०/०५१ मा ६ वटा जिल्लामा, ०५१/०५२ मा १५ जिल्लाहरूमा, ०५२/०५३ मा १५ जिल्लाहरूमा र बाँकी २० जिल्लाहरूमा आ.व. २०५६/ ०५७ मा आधारभूत तथा प्राथमिक विद्यालय शिक्षा परियोजना लागू गरियो । यसरी रा.शि.प.२०२८-२०३२ ले प्राथमिक विद्यालयको छुट्टै निरीक्षण तथा मा.वि. र नि.मा.वि.को मा.वि.नि.बाट निरीक्षण गर्ने गराउने व्यवस्था अनुरुप नै हाल पनि प्राथमिक विद्यालयहरू एउटा स्रोतकेन्द्रमा समूह विद्यालयहरूलाई परियोजनाका स्रोतकेन्द्रमा समूह विद्यालयहरूलाई परियोजना स्रोतव्यक्तिले सघन निरीक्षण गर्ने गरेको छ भने क्षेत्रका लागि एउटा विद्यालय निरीक्षक कायम गरिएको छ । हाल प्राथमिक विद्यालय सुपरिवेक्षण र माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय शैक्षिक सुपरिवेक्षण संरचना कायम रहेको छ (सिंह, २०६७) ।

शाही (२०६३) का अनुसार नेपालमा विद्यालय सुपरिवेक्षणको विकासको इतिहासलाई हेर्ने हो भने प्राचीन कालमा धार्मिक उद्देश्यबाट प्रेरित भएको पाइन्त । त्यसबखत गुरुहरूबाटै विद्यार्थीको निरीक्षण, मूल्याङ्कन लगायत सुपरिवेक्षण्को सबै काम हुने गर्दथ्यो । त्यस्तै वि.सं. १९१० मा नेपालमा राणाकालीन समयमा दरबार हाइस्कुलको स्थापना भएपछि औपचारिक शिक्षाको सुरुवात सँगै मिस्तर रोसलाई विद्यालय सुपरिवेक्षकमा नियुक्त गरियो । यसबाट विद्यालय सुपरिवेक्षण कार्यको सुरुवात औपचारिक रूपमा अगाडि बढ्दै गएको पाइन्छ ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रममा स्रोतकेन्द्र भनेको समूह विद्यालयलाई शैक्षिक गुणस्तर वृद्धिका लागि स्थापना भएको एउटा क्रियाशील एकाइ हो । यसले विद्यार्थी, शैक्षिक समुदाय र समष्टिगत रूपमा विद्यालयलाई नै शैक्षिक सुधारमा सघाउ पुऱ्याउँछ । हाल नेपालमा ७५ वटै जिल्लामा स्रोतकेन्द्रहरू सञ्चालित छन् । स्रोतकेन्द्र आधारित शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व स्रोतव्यक्तिको हुन्छ ।

स्रोतव्यक्ति भन्नाले विद्यालयका विभिन्न तहका शिक्षक पदमा पदाधिकार रहने गरी र लियन पद नरही स्रोतकेन्द्रका स्रोतव्यक्ति पदमा करारमा नियुक्ति भएको समेतलाई सम्झनु पर्छ भनी स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ मा उल्लेख गरिएको छ । प्रत्येक स्रोतकेन्द्रको जिम्मेवारी एउटा स्रोतव्यक्तिलाई दिइएको छ । यस्ता स्रोतव्यक्ति नियुक्ति सिफारिस गर्न ७ जनाको एक स्रोतव्यक्ति छनोट समिति रहनेछ । जसमा जि.शि.अ. संयोजक, जिल्ला प्रशासन कार्यालयका अधिकृत १, जिल्ला विकास समितिका अधिकृत १, सामुदायिक मा.वि. उ.मा.वि.का प्र.अ. वा प्राचार्य १, जि.शि.अ.बाट मनोनित १, विश्वविद्यालयमा १० वर्षदेखि स्थायी रूपमा अध्यापन गरिरहेका बहालवाला वा निभृत शिक्षक १, स्नातकोत्तरको योग्यता भएको व्यक्तिबाट क्षेत्रिय शिक्षा निर्देशकद्वारा मनोनित एक सदस्य र जि.शि.का.को कार्यक्रम हेर्ने अधिकृत सदस्य सचिवको समितिले कम्तिमा शिक्षाशास्त्र विषयमा स्नातक तह उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिना तालिम लिएको र माध्यमिक तहमा पुरुषको हकमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेको र महिलाको हकमा कम्तिमा २ वर्ष ६ महिना स्थायी सेवा गरेको व्यक्तिलाई शैक्षिक योग्यता अनुभव र तालिम बापत ५० पूर्णाङ्क र ५० पूर्णाङ्कको लिखित परीक्षा गरी १०० पूर्णाङ्कको मूल्याङ्कन छनोटबाट नियुक्त गरिनेछ ।

यसरी नियुक्त स्रोतव्यक्तिले जि.शि.अ., सम्बन्धित वि.नि., स्रोतकेन्द्र व्यवस्थापन समिति र समूह विद्यालयप्रति उत्तरदायी रहने, स्रोतकेन्द्र र समूह विद्यालयहरूमा शिक्षक क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने, शैक्षिक सेवा सुविधा एवम् सूचनाहरू प्रवाह गर्ने गराउने, शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने, शैक्षिक नीति निर्देशन पालना गर्ने गराउने, जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने आदि जस्ता काम कर्तव्य र अधिकारको पालना गर्नुपर्ने व्यवस्था स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ ले गरी स्रोतव्यक्तिलाई जिम्मेवारी दिएको छ ।

योजना तर्जुमा, कार्यक्रम र बजेट तयारी, स्थानीय स्रोतको परिचालन, शैक्षिक कार्यक्रमहरूको सुपरिवेक्षण र अनुगमन लगायत स्रोतकेन्द्रको व्यवस्थापकीय कार्यहरू प्रमुख रुपमा गर्न स्रोत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदेन अध्यक्ष, स्रोतव्यक्ति सचिव र सदस्य विद्यालयहरूमा समूह विद्यालयका अध्यक्षहरू मध्येबाट ३ जना, स्थानीय शिक्षाप्रेमी मध्येबाट सम्बन्धित गा.वि.स. वा नगरपालिकाबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनित ३ जना, स्रोतकेन्द्र विद्यालयका प्रधानाध्यापक

पदेन सदस्य र समूह विद्यालयका प्रधानाध्यापकहरूबाट २ जना सदस्य रहने गरी स्रोतकेन्द्र व्यवस्थापन समिति रहने व्यवस्था छ ।

यसरी स्रोतकेन्द्र स्थापना पश्चात शैक्षिक सुपरिवेक्षणबाट सिकाइ उपलब्धि र गुणस्तरमा के कस्तो प्रभाव परेको छ ? वि.व्य.स., प्र.अ., स्रोतव्यक्ति र वि.नि.हरूबाट कसरी सुपरिवेक्षण भइरहेको छ ? त्यसको प्रभावकारीता कस्तो रहेको छ ? सुपरिवेक्षणको जिम्मेवारी पाएका निकायहरूबाट कतिको जिम्मेवारी वहन भइरहेको छ ? अपनाएका रणनीति र कार्यनीति कस्तो छ ? सुपरिवेक्षण सम्बन्धी अपनाएका रणनीति र कार्यनीति कस्तो छ ? सुपरिवेक्षण कतिको नियमित हुने गरेको छ ? शैक्षिक सुपरिवेक्षणका समस्याहरू के के हुन् र के कस्ता साधनहरू अपनाउन सकिन्छ ? सुपरिवेक्षकले दिएको निर्देशन, सल्लाह, सुझाव कार्यान्वयन गर्न शैक्षिक सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका विषयमा यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

शैक्षिक गतिविधिलाई प्रभावकारी ढंगबाट अघि बढाई शत प्रतिशत लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि शैक्षिक सुपरिवेक्षणको भूमिका गहन हुन्छ । यसका लागि आधुनिक सुपरिवेक्षणको ध्येय पनि शिक्षकलाई पेशागत सहयोग, समर्थन र प्रोत्साहन गरी अपेक्षित शैक्षिक सुधार र विकास गर्नु हो । तर नेपालको सन्दर्भमा सुपरिवेक्षणको जिम्मेवारी पाएका व्यक्तिमा निहित सेवाको विशिष्टता, दक्षता र प्राविधिक पक्षले सम्बन्धित क्षेत्रमा प्रभावकारी सुधार गर्न सकेको छैन ।

शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन हाल देशमा स्रोतकेन्द्र र स्रोतव्यक्तिको अवधारणालाई अघि बढाएको भए तापनि स्रोतव्यक्तिबाट मातहतका विद्यालयका वि.व्य.स., प्र.अ.र शिक्षकहरूसँग समन्वय गरी प्रभावकारी सुपरिवेक्षण गर्न सकिएको छैन । माथिल्लो निकाय शैक्षिक सुपरिवेक्षणका लागि विद्यालय निरीक्षक र स्रोतव्यक्तिमा बढी निर्भर रहेको छ तर शैक्षिक प्रणालीमा नै निरीक्षण की सुपरिवेक्षण ? प्रशासनिक निरीक्षण की शैक्षिक सुपरिवेक्षण ? जस्ता कुरामा अल्मलिएको अवस्था छ । फलस्वरुप निरीक्षक र स्रोतव्यक्तिबाट प्रशासनिक निरीक्षण हुनका साथै तथ्याङ्क संकलनमा सीमित हुनु आदिले शैक्षिक सुपरिवेक्षणलाई झन् लथालिङ्ग बनाएको छ । विद्यालय सुपरिवेक्षण नियमित हुन नसक्नु, सुपरिवेक्षण भए नभएको अनुगमन नहुनु र यदाकदा सुपरिवेक्षण भए पनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिले दिएका सल्लाह, सुझाव, निर्देशनहरूको बेवास्ता गर्नुले हालसम्म देशमा शैक्षिक सुपरिवेक्षण समस्या जस्ताको त्यस्तै रहेको छ ।

सम्पूर्ण रुपमा शैक्षिक क्रियाकलापलाई सुधार गर्ने सुपरिवेक्षणको अवस्था अस्तव्यस्त छ । तसर्थ शैक्षिक सुपरिवेक्षणमा सबैभन्दा बढी लगानी गर्नुपर्ने, स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिको भूमिका झन् प्रभावकारी छैन । स्रोतव्यक्तिले कसरी सुपरिवेक्षण गरिरहेका छन् र त्यसको प्रभाव कस्तो छ ? स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणलाई औचित्यपूर्ण बनाउन के कस्ता कार्यहरू गरिनुपर्छ ? स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरू र तिनका समस्या समाधानका उपायहरू के के हुन् ? स्रोतकेन्द्रबाट हुने गरेका शैक्षिक सुपरिवेक्षणलाई नियमित र अर्थपूर्ण बनाउन उपल्लो निकायबाट के कस्ता प्रयासहरू गरिएका छन् ? विद्याल यव्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक अभिभावक संघ जस्ता पक्षहरूलाई समेत शैक्षिक सुपरिवेक्षणमा क्रियाशील कसरी बनाउन सकिन्छ ? भन्ने जस्ता प्रश्नहरू हालसम्म अनुत्तरित रहेको अवस्था र स्रोतव्यक्तिबाट गर्नुपर्ने शैक्षिक सुपरिवेक्षणको कार्यले अपेक्षित लक्ष्य प्राप्त गर्न नसकेको स्थितिलाई वास्तविक रुपले उजागर गर्ने अन्य अनुसन्धानात्मक कार्य नभएकाले यस शीर्षकलाई चयन गरिएको हो ।

### १.३ अध्ययनको औचित्य

हाम्रो जस्तो भौगोलिक विकटता भएको मुलुकमा फरक किसिमका सीमित स्रोत साधन भएका विद्यालयलाई स्रोत साधन उपलब्ध गराउने, विद्यालय, शिक्षक तथा प्रधानाध्यापकलाई परेका समस्याहरूको समाधान गर्ने, विद्यालय व्यवस्थापनको सुधार गर्ने र शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने जस्ता कार्यहरूलाई नियमित शैक्षिक सुपरिवेक्षण मार्फत सम्पन्न गर्न स्रोतव्यक्तिको व्यवस्था गरिएको छ । तर स्रोतव्यक्तिबाट हुनुपर्ने भूमिका यथोचित नहुनुबाट दिनानुदिन अधिकांश सरकारी विद्यालयको शैक्षिक गुणस्तर ह्रास भएको अवस्था छ । राष्ट्रले शैक्षिक सुपरिवेक्षण सम्बन्धी बनाएका नीति, नियम, ऐन, कानूनलाई सर्वोपरि रुपले कार्यान्वयनमा ल्याउन स्रोतव्यक्ति असफल भएको अवस्था छ । यसरी शैक्षिक सुपरिवेक्षण गरिएको छ ? यसको प्रभाव कस्तो छ ? यो प्रभावकारी बन्न नसक्नुका कारक तत्वहरू के के हुन् ? स्रोतव्यक्तिले कसरी कुशल शैक्षिक सुपरिवेक्षकको भूमिका निर्वाह गर्न सक्छ ? भन्ने जस्ता कुराहरूको वास्तविकता पत्ता लगाउनु यो अनुसन्धानको औचित्य रहेको छ । यस अनुसन्धानबाट शैक्षिक सुपरिवेक्षण सुधार गर्न र प्रभावकारी बनाउन सहयोग प्राप्त हुनुका साथै अनेकौं शैक्षिक समस्याहरू समाधान र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न समेत फाइदा पुग्नेछ भन्ने आशा गरिएको छ ।

यस अनुसन्धानबाट आएका प्राप्तिहरूलाई जिल्ला शिक्षा कार्यालय, विद्यालय निरीक्षक, प्र.अ., वि.व्य.स. र मुख्य रुपमा स्रोतव्यक्तिलाई शैक्षिक सुपरिवेक्षणलाई सही ठोस गति प्रदान गर्न उपयोगी बन्नेछ । शैक्षिक सुपरिवेक्षणको अख्तियारी प्राप्त माथिल्लो निकायदेखि तल्लो निकायसम्मका

सरोकारवाला पक्षहरूलाई शैक्षिक सुपरिवेक्षणमा सुधार गर्नुपर्ने कुराको बोध हुनेछ । शैक्षिक सुपरिवेक्षण सम्बन्धित सुधारात्मक नीति, नियम निर्धारण गर्न, योजना बनाउन र कार्यान्वयन गर्न जिल्ला शिक्षा कार्यालय, क्षेत्रिय शिक्षा निर्देशनालय र अन्य निकायहरूलाई समेत आधार प्रदान गर्नेछ । प्रभावकारी शैक्षिक सुपरिवेक्षणबाट शैक्षिक गुणस्तर अभिवृद्धि गर्न चाहने व्यक्ति, सरकारी, गैर सरकारी संघ संस्था, बुद्धिजीवी, योजनाकार, शिक्षाविद्, अनुसन्धानकर्ता आदिलाई यस विषयमा थप अनुसन्धान कार्य चाहेमा केही मात्रामा भए पनि सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरू रहेका छन् ।

१. स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणको अवस्था पत्ता लगाउनु

२. शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्नु ।

३. शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई आइपर्ने समस्या पहिचान गरी समाधानका उपायहरू प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

१. स्रोतव्यक्तिबाट वर्तमान अवस्थामा शैक्षिक सुपरिवेक्षण कसरी गर्ने गरिएको छ ?

२. स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरू के के हुन् ?

३. शैक्षिक सुपरिवेक्षणका समस्याहरू के के हुन् ?

४. शैक्षिक सुपरिवेक्षणका समस्या समाधानका उपायहरू के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धान कार्य कठिन हुनुका साथै अध्ययनलाई पूरा गर्ने क्रममा विभिन्न पक्षहरूको अभाव देखिनु स्वभाविक हो । जस्तै आर्थिक अभाव, समयको सीमितता, श्रोत साधनको अभाव, भौगोलिक विकटताका कारणले अनुसन्धानलाई वृहत रुप दिन सकिएको छैन । तसर्थ यस अध्ययनमा सुनसरी जिल्ला अन्तर्गतका १२ वटा श्रोतकेन्द्रहरू मध्ये तीन वटा भा.सि., बलाहा र भुटाहा स्रोतकेन्द्र र यी श्रोतकेन्द्रहरू बाट १०६ वटा सामुदायिक विद्यालयहरू मध्ये ६ वटा सामुदायिक विद्यालयहरू जसमा एउटा उ.मा.वि., एउटा मा.वि., २ वटा नि.मा.वि र २ वटा प्रा.वि. का शैक्षिक सत्र २०६७ देखि २०७१ सालसम्म स्रोतव्यक्तिबाट भएको शैक्षिक सुपरिवेक्षणको अवस्थालाई प्राथमिक र द्वितीय स्रोत साधनबाट मिश्रित अनुसन्धान ढाँचालाई मात्र यस अध्ययनको

परिसीमा भित्र राखेर शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका पत्ता लगाउने प्रयास गरिएको छ। यस अध्ययनमा विगत पाँच वर्षको तथ्याङ्कलाई समेटिएको छ।

### १.७ शब्दावलीको अर्थ र परिभाषा

| | |
|---|---|
| अभिभावक | : विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका आफन्त व्यक्ति |
| प्राथमिक विद्यालय | : कक्षा एकदेखि कक्षा पाँचसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ। |
| निम्न माध्यमिक विद्यालय | : कक्षा छदेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ। |
| माध्यमिक विद्यालय | : कक्षा नौदेखि कक्षा दशसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ। |
| उच्च माध्यमिक विद्यालय | : कक्षा एघार र कक्षा बाह्रमा शिक्षा दिइने विद्यालय सम्झनुपर्छ। |
| विद्यालय निरीक्षक | : विद्यालयको सुपरिवेक्षण गर्ने जिम्मेवारी पाएको नेपाल सरकारको कर्मचारी |
| विद्यालय व्यवस्थापन समिति | : विद्यालयको सञ्चालन र व्यवस्थापन गर्न अभिभावकहरूबाट निश्चित अवधिका लागि छनौट भएका व्यक्तिहरूको समूह |
| शिक्षक अभिभावक संघ | : विद्यालयका सम्पूर्ण शिक्षक र अभिभावकहरू सम्मिलित विद्यालयको सामाजिक परीक्षणको जिम्मेवारी पाएको संगठन |
| शैक्षिक सत्र | : अघिल्लो बैशाखदेखि चैत्र मसान्त सम्मको एक वर्षको शैक्षिक वर्ष |
| शैक्षिक सुपरिवेक्षण | : विद्यालयको अवलोकन, अनुगमन गरी शैक्षिक वातावरण सुधारका लागि आवश्यक सहयोग पुऱ्याउने कार्य |
| सामुदायिक विद्यालय | : सरकारी अनुदान प्राप्त विद्यालयहरू |
| सुपरिवेक्षक | : विद्यालय सुपरिवेक्षण कार्यमा खटिएको व्यक्ति |
| स्रोतकेन्द्र | : पायक पर्ने निश्चित विद्यालयहरूको समूह |
| स्रोतव्यक्ति | : स्रोतकेन्द्र सञ्चालनका लागि खटिएको व्यक्ति |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकालाई अध्ययन गर्न सघाउ पुऱ्याउन सम्बन्धित साहित्यको पुनरावलोकनमा विभिन्न पुस्तक, लेख तथा शोध अध्ययनमा उदृत गरिएका धारणाहरूलाई प्रस्तुत गरिएको छ भने एफ.डब्लु.टेलर र जर्ज इल्टन मायोको सिद्धान्तमा आधारित रही अध्ययन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाम्रो देशको सुपरिवेक्षण प्रणाली समक्ष विभिन्न समस्या चुनौतीहरू रहेकाले शिक्षा प्रणालीलाई सही ढंगले अगाडि बढाउन उपयुक्त पथ प्रदर्शन हुन सकिरहेको छैन । मुलत शिक्षण सिकाई प्रक्रियालाई गुणस्तरीय बनाउन उपयुक्त वातावरण सिर्जना गर्ने काम सुपरिवेक्षण भएको तर त्यस ढंगले कार्य हुन नसक्नाले पनि शिक्षा प्रणाली कमजोर बनाउने विभिन्न कारण मध्ये सुपरिवेक्षणको अप्रभावकारीता पनि एक हो । शैक्षिक सुपरिवेक्षणको प्रंभावकारी र गुणस्तरीय बनाउन पेशागत तालिम, व्यवस्थापन गत समस्या, कार्यान्वयनगत चुनौती आर्थिक भौतिक कठिनाई आदिले प्रत्यक्ष रुपमा प्रभाव पार्ने गरेको पाइन्छ ।

शिक्षा ऐन (२०२८) शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३ मा विद्यालय सुपरिवेक्षण सम्बन्धी निम्न व्यवस्था भएको पाइन्छ ।

क. ऐनको दफा २ मा विद्यालय शिक्षालाई विभिन्न तह र किसिममा परिभाषित गरी राखिएको छ । दफा ७ मा शिक्षाको माध्यम र दफा ८ मा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था गरिएको छ ।

ख. ऐनको दफा ८, ९ र १० मा क्रमशः शिक्षा विभाग, क्षेत्रिय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयको व्यवस्था गरिएको छ ।

ग. जिल्ला भित्रका विद्यालयहरूको रेखदेख, व्यवस्थापन तथा विभिन्न विद्यालयहरू बीच हुने समन्वय गर्ने काम समेतका लागि प्रत्येक गा.वि.स.मा दफा ११(ट) मा गाउँ शिक्षा समिति, सामुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा दफा १२ बमोजिम विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको छ ।

घ. विद्यालय अध्यापन कार्यका लागि नयाँ शिक्षक नियुक्त हुँदा ऐनको दफा ११(ड) बमोजिम अध्यापन अनुमति पत्र लिनुपर्ने जस्ता कुराहरूको व्यवस्था हुनुले सफलतापूर्वक कार्यान्वयन भएको खण्डमा सुपरिवेक्षण साँच्चिकै प्रभावकारी हुने देखिन्छ ।

शिक्षा नियमावली २०५९ शिक्षा छैटौं संशोधन नियमावली, २०६७ मा ३३ वटा परिच्छेदका १९५ वटा नियमहरू भित्र सुपरिवेक्षण सम्बन्धी व्यवस्था निम्न अनुसार भएको पाइन्छ -

क. शिक्षा ऐनमा व्यवस्था भएका कानूनी कुराहरूलाई कार्यान्वयन पक्षमा ल्याउनका लागि शिक्षा नियमावलीमा महा निर्देशक, निर्देशक, जिल्ला शिक्षा अधिकारी तथा सुपरिवेक्षकका निमित्त सृजित पद विद्यालय निरीक्षक समेतको विस्तृत रुपमा काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ ।

ख. विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समिति तथा शिक्षक अभिभावक संघले खेल्नुपर्ने महत्वपूर्ण भूमिका सहित व्यवस्था गरिएको छ ।

ग. शिक्षकले नियुक्ति देखि उनीहरूका सेवा सुविधाहरू, परीक्षा प्रणाली, तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था, अतिरिक्त क्रियाकलाप, शिक्षक तथा विद्यार्थीहरूको आचार संहिता, पुरस्कार र दण्डको समेत व्यवस्था गरिएको छ ।

घ. विद्यालयको आन्तरिक प्रशासनदेखि शैक्षिक सुपरिवेक्षणको भूमिका निभाउने गरी कुशल प्रधानाध्यापकको नियुक्तिका साथै काम, कर्तव्य र अधिकार समेतको नियमावलीमा व्यवस्था गरिएको पाइन्छ ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ पनि विद्यालयको रेखदेख व्यवस्थापन र सञ्चालन व्यवस्थापन समितिमा हुने विद्यालयको आन्तरिक प्रशासनदेखि शैक्षिक सुपरिवेक्षणको भूमिका प्र.अ.मा हुने व्यवस्था माथिको सन्भर्दमा उल्लेख भएको देखिन्छ ।

काफ्ले र साथीहरू (२०६७) ले तयार गर्नु भएको **शैक्षिक योजना**का अनुसार विद्यालयलाई प्राविधिक सहयोग उपलब्ध गराई शिक्षाको गुणात्मक पक्षमा सुधार ल्याउने उद्देश्यले स्रोतव्यक्तिको अवधारणा प्रयोगमा ल्याइएको हो । कार्य प्रकृतिको हिसाबले स्रोतव्यक्तिको काम नितान्त प्राविधिक हुँदाहुँदै पनि यसले जिल्ला शिक्षा कार्यालय र विद्यालयहरूको बीचमा रहेर प्रशासनिक कार्यहरू समेत गर्नुपर्दछ ।

माथिको प्रसङ्गलाई हेर्दा शिक्षाको गुणस्तरमा सुधार ल्याउने उद्देश्यले स्रोतव्यक्तिको अवधारणा प्रयोगमा ल्याएको भन्ने देखिन्छ ।

ढुङ्गाना (२०५९) का अनुसार धेरै जसो स्रोतव्यक्तिहरूको विद्यालय निरीक्षण कार्य सतहगत छ । सतहगत निरीक्षणले शिक्षण सिकाइका क्रियाकलापमा परिवर्तन ल्याउन सक्दैन । स्रोतव्यक्तिले गर्नुपर्ने एक मात्र प्रमुख काम विद्यालय निरीक्षण र शिक्षकलाई पेशागत सहयोग पुऱ्याउनु हो । प्रत्येक महिना (विद्यालय खुलेको) मा कम्तिमा १० दिन समय विद्यालय निरीक्षणका लागि छुट्याउनु पर्छ । पेशागत रुपले शिक्षकलाई सहयोग पुऱ्याउँछु भनेर प्रतिबद्ध नभई गरेको निरीक्षण सतहगत हुन्छ ।

माथिको सन्दर्भलाई हेर्दा विद्यालय निरीक्षकको काम गहन हुनु पर्नेमा सतहगत मात्र उल्लेख भएको देखिन्छ ।

स्रोतव्यक्ति रामविक्रम थापा (२०७१) द्वारा **न फुर्सद न जस** शीर्षकको लेख अनुसार सन् १९६० को दशकमा वेलायतबाट शुरु भएको स्रोतकेन्द्रको अवधारणा सन् १९७० को दशकदेखि विश्वका अन्य विकसित र विकासोन्मुख राष्ट्रहरूमा विस्तार भएको हो । नेपालमा स्रोतकेन्द्रको व्यवस्था भएको करिब डेढदशक मात्र अवधि पुगेको छ । हाल एक हज्जार त्रिपन्न स्रोतकेन्द्र र यही सङ्ख्यामा स्रोतव्यक्तिहरू कार्यरत छन् । शिक्षा शास्त्रमा स्नातक गरेका अथवा स्वतन्त्र व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा वार्षिक करारमा नियुक्त गरिन्छन् । शिक्षक सहयोग सम्बन्धी विभिन्न कार्यहरू गर्दै शिक्षकको प्राविधिक सल्लाहकार बन्नु स्रोतव्यक्तिको प्रमुख दायित्व र कर्तव्य हो । त्यो कर्तव्य पूरा गर्न शिक्षक तालिम, विद्यालय अनुगमन, सुपरिवेक्षण, कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन जस्ता मुख्य कार्यहरू स्रोतव्यक्तिबाट गरिनुपर्ने हो । यस्तो जिम्मेवारीपूर्ण र महत्त्वपूर्ण पाटो ओझेलमा पर्नु पक्कै पनि दुःखलाग्दो कुरा हो । यसो हुनुको पनि कारण छ - जि.शि.का.ले स्रोतव्यक्तिलाई अन्य अनावश्यक काममा अल्मल्याउनु र विद्यालय निरीक्षक आफ्नो कार्यक्षेत्रमा नजानु ।

माथिको सन्दर्भलाई हेर्दा शिक्षा क्षेत्रको सुधारका लागि महत्त्वपूर्ण जिम्मेवारी पाएका स्रोतव्यक्तिहरूले शिक्षक तालिम, विद्यालय अनुगमन सुपरिवेक्षण, कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन जस्ता विद्यालय शिक्षासँग सरोकार राख्ने विषयवस्तुमा जिम्मेवारी बहन गर्न अन्य कार्यमा अल्मलिएर नसकिएको भन्ने देखिन्छ ।

स्रोतव्यक्तिका लागि सेवाकालिन क्षमता विकास तालिम स्रोतसामग्री (२०७०) का अनुसार शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्न प्राविधिक सहयोग पुऱ्याउने ध्येयले स्रोतव्यक्तिको व्यवस्था गरिएको छ । स्रोतव्यक्तिको सेवा क्षेत्र विशेष गरी कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा केन्द्रित हुन्छ । शिक्षकको पेशागत विकासको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापमा निपूर्ण बनाउन, स्थानीय शैक्षिक सामाग्रीको प्रयोगबाट व्यवहारिक ज्ञान दिन, अतिरिक्त/सहयोगात्मक क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूमा शारीरिक तथा मानसिक विकास गराउन र अन्य विषयवस्तुको शिक्षणबाट एक चरित्रवान, जिज्ञासु, देशभक्त नागरिक बनाउने बाटो तर्फ अग्रसर बनाउन रचनात्मक तथा सिर्जनात्मक शैक्षिक क्रियाकलापहरू गराउनमा स्रोतव्यक्तिको प्राविधिक सहयोग निरन्तर आवश्यक पर्छ । त्यस्ता क्रियाकलापमा प्रत्यक्ष संलग्न हुने दायित्व र जिम्मेवारी स्रोतव्यक्तिको हुन्छ । त्यस्तै समाजमा शैक्षिक नेतृत्व लिएर शैक्षिक निकाय, समुदाय र विभिन्न किसिमका सरकारी तथा गैर सरकारी निकायका बीचमा समन्वय कायम गर्ने कर्तव्य पनि स्रोतव्यक्तिको हो ।

स्रोतकेन्द्र व्यवस्थापन निर्देशिकामा सबै स्रोतकेन्द्र र स्रोतव्यक्तिको प्रशासनिक र व्यवस्थापकीय पक्षलाई स्पष्ट रुपमा व्यवस्थापन हुने विषय उल्लेख भए अनुसार स्रोतव्यक्तिले कार्य प्रणाली, कार्य शैली, कार्य सम्पादन मूल्याङ्कन र दण्ड तथा पुरस्कारको व्यवस्थामा सहज वातावरण सिर्जना गर्न सक्छ । साथै महिनामा कम्तिमा दश वटा विद्यालयको निरीक्षण गर्ने, निरीक्षण गरिएको विद्यालयमा कम्तिमा २ वटा नमुना पाठ प्रदर्शन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण गर्ने, अर्को पटक कक्षा अवलोकन गर्दा अगाडि दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने, विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी जिल्ला शिक्षा कार्यालयलाई समेत जानकारी गराउने, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्ने कामको प्रकृति र सन्दर्भ समेत उत्तिकै जिम्मेवार तत्वहरूको रुपमा हुन आउँछ ।

सेवा प्रवाह प्रभावकारी रूपमा सञ्चालन गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउन विद्यालयमा प्राविधिक सहयोग पुऱ्याउने गरी स्रोतव्यक्तिहरूको व्यवस्था गरिएको छ । उनीहरूलाई व्यवस्थित रूपले कार्य सम्पादन गर्न छुट्टै स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ ले आवश्यक कार्य विवरण सहितको अन्य व्यवस्था गरेको छ । स्पष्ट कार्य विवरणको व्यवस्थाले कार्य प्रणाली, कार्य शैली, कार्य

सम्पादन मूल्याङ्कन र दण्ड तथा पुरस्कारको व्यवस्थामा सहज वातावरण सिर्जना गर्न सक्छ। शिक्षक, कर्मचारी तथा स्रोतव्यक्तिबाट आशा गरिए अनुरुपको कार्य सम्पादन हुनु वा नहुनुमा कामको स्पष्टता निर्धारित दक्षता, अपेक्षित परिणाम, तुलना गर्ने मापदण्ड, आपसी सहयोगको अवस्था, नियन्त्रण, प्रतिबद्धता र सम्पादन गर्नुपर्ने कामको प्रकृति र सन्दर्भ समेत उत्तिकै जिम्मेवार तत्त्वहरूका रूपमा हुन आउँछ।

स्रोतव्यक्तिले शिक्षकलाई पेसागत सहयोग पुऱ्याउनलाई कार्ययोजनामा आधारित निदानात्मक सुपरिवेक्षण गर्ने, सेवा क्षेत्रभित्रका शिक्षकहरूको सिकाइ समूह निर्माण गरी कार्य अभिमुखीकरण गर्ने, सिकाइ समूहको कार्य प्रक्रिया र प्रगतिको अनुगमन गरी निर्देशन दिने, विषयगत शिक्षकहरूको समूह निर्माण गर्न सहयोग गर्ने, शिक्षकहरूलाई पालैपालो गरी विषयगत शिक्षण सिकाइका क्षेत्रमा कार्यपत्र तयार गरी स्रोतकेन्द्रमा हुने विषयगत बैठकहरूमा प्रस्तुत गर्न लगाउने र पृष्ठपोषण प्रदान गर्ने, आवश्यकता अनुसार बाह्य विज्ञहरू आमन्त्रण गरी तालिम कार्यशाला सञ्चालनमा सहजीकरण गर्ने, शिक्षकको कक्षा अवलोकन गर्ने, आवधिक परीक्षाहरूको विषयगत परीक्षामा विद्यार्थीको उपलब्धिलाई विगतको परीक्षाफलसँग र अन्य विद्यालयको राम्रो नतिजासँग तुलना गर्न लगाउने, शिक्षकहरूको शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन पक्षको अनुगमन गरी आवश्यक सहयोग गर्ने, विद्यालय र सम्बन्धित शिक्षकसँग परामर्श गरी विभिन्न समसामयिक अन्तर सम्बन्धित मुद्दाहरूलाई पेसागत विकास मागका रूपमा स्थापित गर्ने जिम्मेवारीहरू स्रोतव्यक्तिमा रहेको पाइन्छ।

माथिको सन्दर्भले शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्न स्रोतव्यक्ति कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा केन्द्रित हुन्छ। विद्यार्थीको शारीरिक, मानसिक विकास गराउन, सरकारी तथा गैर सरकारी निकायका बीचमा समन्वय कायम गर्न, विद्यालयको निरीक्षण गर्न, शिक्षकलाई पृष्ठपोषण दिन, कार्यान्वयन हेर्न शिक्षक प्रधानाध्यापकसँग छलफल गर्ने, व्यवस्थापन समिति, प्रधानाध्यापक र अन्य पक्षले गरेको कामको अनुगमन गरी प्रतिवेदन पेश गर्ने जस्ता जिम्मेवारी स्रोतव्यक्तिमा रहेको कुरा उल्लेख भएको देखिन्छ।

शिक्षाको गुणस्तरमा सुधार ल्याउन विद्यालयमा प्राविधिक सहयोग पुऱ्याउने गरी स्रोतव्यक्तिको व्यवस्था गरिएको छ। स्रोतव्यक्तिले शिक्षाको गुणस्तर सुधारमा शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउन शिक्षक पेसा विकासका लागि कक्षा अवलोकन, सुपरिवेक्षण, सिकाइ समूह निर्माण, विषयगत समूह निर्माण, अन्तर्क्रिया, छलफल, पृष्ठपोषण लगायत कार्यहरू गर्नुपर्ने देखिन्छ।

लम्साल (२०६२) द्वारा लिखित **समकालिन शैक्षिक चुनौती र भावी दिशा** (सोपान मासिक) अनुसार शैक्षिक सुपरिवेक्षण शैक्षिक पक्षहरूको लेखाजोखा गर्नमा केन्द्रित रहन्छ । अधिकारमुखी निरीक्षण पद्धतिलाई परिवर्तन गरी शिक्षकलाई पेशागत सहयोग र सरसल्लाह दिने किसिमको सुपरिवेक्षणको अवधारणा आएको छ । सुपरिवेक्षक र शिक्षक बीचमा घनिष्ट सम्बन्धले सहज छलफल र समस्या निराकरणमा सहमतिका अवस्थाहरू सिर्जना हुन  सक्छन् । फलस्वरुप सुपरिवेक्षणले प्रभावकारीता ल्याउँछ भन्ने भएता पनि शैक्षिक सुपरिवेक्षणको जिम्मेवारी पाएको स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिबाट नीतिगत तथा कार्यक्रमगत रुपमा तोकिए झैं विद्यालय सुपरिवेक्षण भएको छैन भन्नु अत्युक्ति नहोला ।

स्रोतव्यक्तिबाट परम्परागत रुपमा तथ्याङ्क र सूचना संकलन कार्यहरू मात्र भएको छ । यस्तो अवस्था आउनमा स्रोतव्यक्ति निरीक्षण सुपरिवेक्षणको क्षमता, आधारभूत संभारतन्त्र प्राविधिक कार्य भएकाले निरीक्षक र स्रोतव्यक्तिमा विषयको ज्ञान, सीप आदि हुन जरुरी भए पनि हाल विद्यालय निरीक्षक र स्रोतव्यक्ति विषयगत रुपमा नभई साधारण अवधारणामा ल्याएको छ । जसका कारण शिक्षकहरू स्रोतव्यक्ति र निरीक्षकको सहयोग प्रति सकारात्मक बन्न सकेको अवस्था छैन । विद्यमान यस प्रकारका समस्याबाट मुक्त हुनका लागि समूह विद्यालयका विषय विशेषज्ञहरूबाट स्रोतव्यक्ति छनौट हुनुपर्ने, निरीक्षक र स्रोतव्यक्तिलाई आधारभूत सीप, क्षमता अभिवृद्धिको आवश्यकता अनुसारको तालिम, गोष्ठीको व्यवस्था गर्नु पर्ने, सेवाकालिन पुनर्ताजगी तालिम, गोष्ठी निरन्तर दिनुपर्ने, स्रोतकेन्द्र स्तरीय विषयगत समितिहरूको व्यवस्था र विषयगत समितिहरूका विधि क्रियाकलापहरूलाई समेटी मासिक बुलेटिन प्रकाशन गर्नुपर्ने, भौगोलिक क्षेत्रका आधारमा र विद्यालय संख्याका आधारमा स्रोतव्यक्ति निर्धारण गर्नुपर्ने, स्रोतव्यक्ति  र निरीक्षकलाई जिम्मेवार बनाई विद्यालयको समग्र पक्षको पुनरावलोकन गर्न लगाउनुपर्छ । विशेषज्ञहरूको समूहबाट प्रत्येक ३ वर्षमा विद्यालय अवलोकन गरी स्रोतकेन्द्र स्तरमा, जिल्ला स्तरमा र राष्ट्रिय स्तरमा विद्यालयहरूको स्तर निर्धारण गरी प्रकाशन गर्नुपर्छ ।

शैक्षिक सुपरिवेक्षणले शिक्षकलाई पेशागत सहयोग र सल्लाह दिने अवधारणा आएको छ । तर शिक्षकहरू स्रोतव्यक्ति र निरीक्षकका लागि तालिम दिई सक्षम बनाइनु पर्दछ भन्ने माथिको सन्दर्भमा उल्लेख भएको देखिन्छ ।

शर्मा (२०६२) का अनुसार दिन प्रतिदिन बढ्दै गरेको विद्यालय संख्याले गर्दा जिल्ला सदरमुकाम स्थित जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूको रेखदेख तथा स्तरीय शैक्षिक निरीक्षण अनुगमन गरी

शैक्षिक सुधारमा टेवा दिन सम्भव नभएर नै स्रोतकेन्द्रको अवधारणा ल्याएको हो । शिक्षकहरूलाई शैक्षिक टेवा पुगोस्, शैक्षिक क्रियाकलापमा आइपरेका समस्याहरू समाधान गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले शिक्षण अनुभव बटुलेका शिक्षकहरूबाट स्रोतव्यक्ति राख्ने व्यवस्था गरिएको छ । स्रोतव्यक्तिको प्रमुख कार्य नै शिक्षकहरूलाई पेशागत रुपमा शैक्षिक सेवा प्रदान गर्नु हो । त्यसो हुन सकेमा मात्र शैक्षिक क्षति कम हुनुका साथै गुणात्मक शिक्षामा अभिवृद्धि हुन सक्छ । स्रोत व्यक्तिले आफ्ना समुह विद्यालयका शिक्षकहरूको स्तर कस्तो छ, कुन कुन पक्षमा सहयोग गर्नुपर्ने छ भन्ने थाहा पाउनु जरुरी हुन्छ । साथै स्रोतव्यक्ति स्वयम् ती विषयहरूमा दक्ष हुनुपर्छ । दक्ष व्यक्तिबाट नै शिक्षाका समस्याहरू हल हुन सक्छन् र शिक्षकहरूको कक्षा शिक्षण क्रियाकलापमा पेशागत सहयोगको अपेक्षा गर्न सकिन्छ । स्रोतव्यक्ति शैक्षिक कमजोरी भएका शिक्षकहरूका लागि पेशागत टेवा दिने व्यक्ति हो । त्यसैले उसले शिक्षकहरूका शैक्षिक कठिनाईहरू हटाइ उत्साह प्रदान गर्न सक्नु पर्दछ । जसले गर्दा शिक्षकको शैक्षिक क्रियाकलापमा सुधार आइ गुणात्मक शिक्षा दिन सकियोस् ।

पोखरेल (२०६२) द्वारा **माध्यमिक विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता** शीर्षकमा गरिएको शोध अध्ययन जुम्ला जिल्लाका माध्यमिक विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षणको विद्यमान अवस्थाको पहिचान गरी विश्लेषण गर्ने, शैक्षिक सुपरिवेक्षण सम्बन्धी समस्याहरूको खोजी गरी कारणहरू पत्ता लगाउने र शैक्षिक सुपरिवेक्षणका समस्या समाधानका सम्भावित उपायहरू प्रस्तुत गर्ने उद्देश्य राखी गरिएको उक्त शोध अध्ययनमा जिल्लाका १२ स्रोतकेन्द्रमध्ये ४ वटालाई अध्ययनको सीमाभित्र राखिएको छ । अभिभावकमा चेतनाको कमीले विद्यार्थी सङ्ख्या न्यून रहेकाले जनचेतना जगाउने खालका गोष्ठी, सेमिनार, छलफल गर्ने/गराउने तथा शिक्षक, वि.व्य.स., विद्यालय निरीक्षक र स्रोतव्यक्तिले विशेष भूमिका खेल्नुपर्ने, विद्यार्थी तथा शिक्षकको उपस्थिति बढाउन नियमित सुपरिवेक्षण हुनुपर्ने, कमजोर शिक्षण सिकाइ तथा फितलो परीक्षा प्रणाली रहेको तथा शिक्षक स्टाफ बैठक र वि.व्य.स.बैठक नियमित बस्ने नगरेको, वि.नि.को दरबन्दी कम रहेको, विषयगत वि.नि. नरहेका र उनीहरू लामो समयसम्म काजमा बाहिरै बस्ने गरेका, प्र.अ.ले दैनिक ६/७ पिरियड पढाउनु पर्ने भएकै कारण प्र.अ.बाट सुपरिवेक्षण हुन नसकेको, नमुना कक्षा प्रदर्शन र कक्षा अवलोकन नभएको, निरीक्षकबाट दिइएको निरीक्षण प्रतिवेदन जि.शि.अ.बाट तत्काल कार्यान्वयन नभएको र यसमा राजनीतिक दबाब रहने गरेको तथा वि.नि.को दरबन्दी पूरा हुनुपर्ने, वि.नि.र स्रोतव्यक्तिहरूबाट सुपरिवेक्षण कार्य नियमित हुनुपर्ने, प्र.अ.का लागि तालिम, गोष्ठी,

सेमिनार सञ्चालन गर्नुपर्ने, निरीक्षकलाई थप भत्ता र सुविधा दिएर सुपरिवेक्षणलाई प्रभावकारी पारिनुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

माथिको सन्दर्भलाई हेर्दा शिक्षकलाई शैक्षिक टेवा पुगोस् । शैक्षिक क्रियाकलापको समस्याहरू समाधान गर्न शिक्षकको पेसागत विकास गर्न, शैक्षिक कठिनाइहरू हटाई उत्साह प्रदान गर्न र गुणात्मक शिक्षा दिन सहयोग पुगोस् भन्ने अभिप्रायले स्रोतव्यक्ति राख्ने व्यवस्था गरिएको छ भन्ने उल्लेख भएको देखिन्छ ।

## २.२ सैद्धान्तिक खाका

प्रस्तुत अध्ययनलाई सहजरुपले अघि बढाउन एफ.डब्लु टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र जर्ज इल्टन मायोको मानव सम्बन्ध सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक खाकाका रुपमा लिइएको छ ।

एफ. डब्लु. टेलर (सन् १८५६-१९१७) का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूले राम्रो किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुरा सही ढंगले जान्ने कला हो । प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ । कामदारलाई आफैले काम छान्ने परम्परा छुटाएर वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्छ । वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हाँसिल गर्ने ढंगले परिचालन गर्नुपर्छ । वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नुपर्छ । बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ । कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटि त्याग्नु पर्छ भन्ने कुरा उल्लेख गरेका छन् (कोइराला र श्रेष्ठ, २०६६ : पृ. ४०-४३) ।

यसरी वैज्ञानकि व्यवस्थापनको सिद्धान्तले विद्यालय प्रशासनमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । विद्यालय प्रशासनमा वैज्ञानिक व्यवस्थापन सिद्धान्तको प्रयोगलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

जर्ज इल्टन मायो (१८८०) का अनुसार उत्पादकत्व बढाउन कर्मचारीका कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा दिनुपर्छ । क्षमता अनुसार नेतृत्व विकास गर्नुपर्छ । कर्मचारीलाई क्षमता बढाउन आवश्यक व्यवस्था मिलाउनु पर्छ । सङ्गठनको काममा सबै क्रियाशील हुनुपर्छ । प्रशासक र

कर्मचारीबीच दोहोरो वास्तविक सञ्चार हुनु आवश्यक हुन्छ। कामदारहरूलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यक हुन्छ। सामाजिक क्षमता बढाइ कार्यदक्षता बढाउनु पर्छ। सबैखाले सङ्गठनलाई महत्त्व दिनुपर्छ। उत्पादकत्व बढाउन प्राविधिक पक्षलाई मात्र जोड नदिई सामाजिक पक्ष समेतलाई जोड दिनुपर्छ। कार्यक्षमताका आधार समूह कार्यलाई बनाउनु पर्दछ ( काफ्ले, श्रेष्ठ र सिन्हा, २०६२ : पृ.५०-५१)।

शिक्षा व्यवस्थामा प्रजातान्त्रिक संस्कारको थालनी भई पाठ्यक्रम निर्माणदेखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन थालेको छ। शिक्षा प्रशासनलाई प्रजातान्त्रीकरण गर्न, व्यवस्थापक र शिक्षकबीचको सम्बन्धलाई सुमधुर बनाउनु पर्दछ भन्ने अवधारणाको विकास भएको छ। नेतृत्वको तानाशाही प्रवृत्ति हटाई प्रजातान्त्रिक ढङ्गबाट काम गर्नुपर्दछ। बालकको शिक्षण सिकाइ प्रजातान्त्रिक धारणा अनुरूप हुनु पर्दछ, विद्यालय विकासमा सबैको सहभागिता हुनु पर्दछ भन्ने मान्यताको विकास भएको छ। शिक्षकको स्थान महत्त्वपूर्ण छ, तसर्थ शिक्षकका सम्भाव्य गुणहरूको विकास गर्न सके शिक्षाको विकास हुनेछ भन्ने धारणा आएको छ।

मानव सम्बन्ध सिद्धान्तले सुपरिवेक्षक र शिक्षकका बीच सुमधुर सम्बन्ध स्थापना गरी विद्यालयको शैक्षिक सुपरिवेक्षणलाई उपलब्धिमूलक बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूले प्रधानाध्यापक तथा शिक्षकहरूको कामको अनुगमन गर्दा मानवीय हिसाबले प्रत्येक समस्या समाधानमा सहयोगी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

शिक्षा नीति, योजनाको कार्यान्वयन के कसरी गर्ने भन्ने आधार निर्माण गरी आवश्यक विधि, स्रोत र सामाग्री बारे शिक्षकलाई जानकारी दिने व्यवस्था शुरु भएको छ। पाठ्यक्रम निर्माण गर्दा कामको विश्लेषण गरी क्रियाकलाप समेत विश्लेषण गर्न थालिएको छ। शिक्षकहरूको शिक्षण दक्षता बढाउन तालिमको व्यवस्था गरिएको छ। विद्यार्थीको उपलब्धि मापन गर्ने विभिन्न प्रकृयाको विकास गरिएको छ। विद्यालयमा शिक्षकको कामको विभाजनको थालनी भएको छ। विद्यालय प्रशासकहरूका लागि प्रशासनिक सीप विकास गर्ने तर्फ ध्यान दिन थालिएको छ।

शैक्षिक सुपरिवेक्षणमा समेत स्रोतव्यक्तिबाट उपर्युक्त सिद्धान्त अपनाई विद्यालयमा सुपरिवेक्षण कार्य अघि बढाएमा साथै वि.व्य.स. पदाधिकारी, प्र.अ. तथा शिक्षकहरूलाई उचित सहयोग, प्रोत्साहन र न्यायोचित तरिकाले मूल्याङ्कन गरेमा शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सकिन्छ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

माथि उल्लेखित सैद्धान्तिक खाका र साहित्यहरूको पुनरावलोकनबाट स्रोतकेन्द्रले समूह विद्यालयहरूको शैक्षिक सुपरिवेक्षणमा पारेको प्रभावका विविध पक्षहरूको उल्लेख गरेका छन् । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मेरुदण्डको रुपमा रहेको स्रोतव्यक्तिले शिक्षाका घोषित उद्देश्य पूरा गराउन निश्चय नै केही भूमिका खेल्दै आएको छ । यसलाई अझ महत्वपूर्ण बनाउन स्रोतकेन्द्र र स्रोतव्यक्तिको भूमिकालाई अझ प्रभावकारी बनाउनु आवश्यक छ । शिक्षकका पेशागत शैक्षिक समस्याहरूको निराकरण गरी शिक्षाको गुणस्तर वृद्धि गर्न स्रोतकेन्द्र र स्रोतव्यक्तिहरूले शैक्षिक सुपरिवेक्षणलाई आत्मसात गर्नु पर्ने मार्ग निर्देशन उल्लेखित साहित्यहरूले गरेका छन् । उल्लेखित साहित्यहरूले शिक्षा क्षेत्रमा सरोकार राख्ने जो कोहीलाई आवश्यक सुधारका लागि प्रेरणा दिने प्रयास गरेका छन् । यी साहित्यहरूको समीक्षाले अध्ययनको शीर्षकको छनौट गर्न, शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरू पहिचान गर्न, अध्ययनको औचित्य, उद्देश्य र अनुसन्धानात्मक प्रश्नहरू निर्माण गर्न, तथ्याङ्क संकलन र विश्लेषण गर्न स्रोतकेन्द्र र स्रोतव्यक्तिको भूमिकाका क्षेत्रमा थप अनुसन्धान गर्ने शोधकर्ताहरूलाई र योजनाकारहरूलाई पनि केही मात्रामा सहयोग पुऱ्याउने विश्वास गरिएको छ । यस अध्ययनसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धान भए तापनि स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणमा पारेको प्रभाव वा भूमिकाका बारेमा यथार्थ खोज तथा अनुसन्धान भएको पाइदैन ।

स्रोतव्यक्तिले शैक्षिक नीति तथा कार्यक्रम अनुसार सुपरिवेक्षणमा अपेक्षित भूमिका निर्वाह गर्न सकेको छैन । वर्तमान समयमा आइपुग्दा समेत स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकेका छैनन् । त्यसैले स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणमा महत्वपूर्ण भूमिका खेल्नुपर्छ भन्ने कार्यसँग सम्बन्धित रहेर यो अध्ययन गरिएको छ । यसबाट प्राप्त निष्कर्ष सम्बन्धित सरोकारवालाहरू सबैलाई उपयोगी हुने कुरामा विश्वास गरिएको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

प्रस्तुत अनुसन्धानका लागि विभिन्न सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा सम्बन्धित व्यक्तिहरूलाई भेटेर अन्तर्वार्ता, छलफल, प्रश्नावली आदिका माध्यमबाट अनुसन्धानलाई अगाडि बढाउने प्रयास गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न परिमाणात्मक र गुणात्मक (मिश्रित) अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । अध्ययनका संख्यात्मक तथ्याङ्कहरूलाई परिमाणात्मक र अन्तर्वार्ता, समूह छलफल आदि साधनहरूबाट प्राप्त हुने विचारहरूलाई गुणात्मक अनुसन्धान ढाँचाको रुपमा राखिएको छ । यसको अवधारणात्मक ढाँचा निम्न अनुसार रहेको छ -

अनुसन्धानात्मक ढाँचा

| उद्देश्य | साधनहरू | प्रतिक्रियादाताहरू | | | |
|---|---|---|---|---|---|
| | | स्रोतव्यक्ति | अध्यक्ष | प्र.अ. | शिक्षक |
| क) स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणको अवस्था पत्ता लगाउनु | अन्तर्वार्ता | ✓ | ✓ | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | ✓ | ✓ |
| | दस्तावेज | स्रोतकेन्द्र र विद्यालय अभिलेख तथा पत्रपत्रिका र पुस्तकहरू | | | |
| ख) स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरूको विश्लेषण गर्नु । | अन्तर्वार्ता | ✓ | ✓ | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | ✓ | ✓ |
| | दस्तावेज | स्रोतकेन्द्र र विद्यालय अभिलेख तथा पत्रपत्रिका र पुस्तकहरू | | | |
| ग) शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई आइपर्ने समस्या पहिचान गरी समाधानका उपायहरू प्रस्तुत गर्नु । | अन्तर्वार्ता | ✓ | ✓ | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | ✓ | ✓ |
| | दस्तावेज | स्रोतकेन्द्र र विद्यालय अभिलेख तथा पत्रपत्रिका र पुस्तकहरू | | | |

## ३.२ तथ्याङ्क संकलन विधि

### ३.२.१ जनसंख्या र नमुना

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका शीर्षकको अध्ययन कार्यका लागि जनसंख्या र नमुनाका रुपमा सुनसरी जिल्लाका स्रोतकेन्द्रहरू, स्रोतकेन्द्र अन्तर्गतका प्रत्येक स्रोतकेन्द्रबाट पर्ने गरी सामुदायिक विद्यालयहरू, प्र.अ.हरू, वि.व्य.स. अध्यक्षहरू र शिक्षकहरू मध्ये उद्देश्यमूलक नमुना छनौट विधिबाट तहगत विद्यालयहरू प्रा.वि., नि.मा.वि., उ.मा.वि. को प्रतिनिधित्व हुने गरी स्रोतकेन्द्र, स्रोतव्यक्ति, प्रधानाध्यापक, वि.व्य.स. अध्यक्षहरू र शिक्षकहरू नमुनामा छनौट गरिएको छ । नमुना छनौट विवरणलाई तालिका १ मा देखाइएको छ ।

तालिका १ : जनसङ्ख्या, नमुना जनसङ्ख्या र नमुना छनोट विधि

| क्र.सं. | विवरण | जम्मा जनसङ्ख्या | नमुना जनसङ्ख्या | नमुना छनोट विधि |
|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | १२ | ३ | उद्देश्यमूलक |
| २ | प्र.अ./प्राचार्य | १०६ | ६ | उद्देश्यमूलक |
| ३ | वि.व्य.स. अध्यक्ष | १०१ | ६ | उद्देश्यमूलक |
| ४ | शिक्षक | ८३१ | ६ | उद्देश्यमूलक |
| ५ | स्रोतव्यक्ति | ११ | ३ | उद्देश्यमूलक |

## ३.३ अनुसन्धानका साधनहरू

प्रस्तुत अनुसन्धानका लागि निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

क. विद्यालय सर्वेक्षण फारम

छनौटमा परेका विद्यालयहरूमा भएका शैक्षिक सुपरिवेक्षणहरूको अभिलेख संकलनका लागि अनुसूची १ बमोजिमको फारम निर्माण गरी प्रयोग गरिएको छ ।

ख. प्रश्नावली

विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू, वि.व्य.स.का अध्यक्षहरू र स्रोतव्यक्तिहरूका लागि क्रमश अनुसूची २, ३, ४, ५ अनुसारका प्रश्नावलीबाट आवश्यक जानकारी लिइएको छ ।

ग. समूहगत छलफल

छनौट गरिएका विद्यालयका प्र.अ.हरू, वि.व्य.स. अध्यक्षहरू, शिक्षकहरू र स्रोतव्यक्तिहरूसँग जानकारी लिन समूह छलफलका लागि अनुसूची ५ अनुसारको छलफल निर्देशिका प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अनुसन्धानका लागि प्राथमिक र द्वितिय दुवै स्रोतहरूको उपयोग गरिएको छ ।

#### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानका लागि आवश्यक तथ्य र विवरणहरू प्राप्त गर्न छनौटमा परेका विद्यालयमा सर्वेक्षण फाराम, प्रश्नावली, छलफल निर्देशिका तयार गरी सोबाट प्राप्त भएका तथ्याङ्कहरू प्रयोग गरी प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएका छन् ।

#### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानका लागि आवश्यक तथ्याङ्क र विवरण प्राप्त गर्न छनौट गरिएका विद्यालयका अभिलेखबाट द्वितीय स्रोतहरू संकलन गरिएको छ । स्रोतकेन्द्रका फ्ल्यास रिपोर्टहरू, अन्य अभिलेखहरू, पुस्तक, जर्नल, पत्रपत्रिका द्वितीय स्रोतका रुपमा उपयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधि

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका अध्ययन गर्नका लागि विद्यालय र स्रोतकेन्द्रहरूबाट अनुसूची १, २, ३, ४, ५ अनुसारका अवलोकन फारम तथा प्रश्नावलीहरू प्रयोग गरी छनौटमा परेका विद्यालयका प्र.अ.हरू, वि.व्य.स. अध्यक्षहरू, शिक्षकहरू र स्रोतव्यक्तिहरूसँग शोधकर्ता आफै उपस्थित भई आवश्यक तथ्याङ्क तथा सूचना संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण विधि

प्राप्त तथ्याङ्क तथा सूचनालाई विश्लेषणका लागि तथ्याङ्क शास्त्रका विधिहरू प्रयोग गरिएको छ। तथ्याङ्कहरूलाई ऐन, नियम, अनुसन्धान र प्रतिवेदनसँग तुलना गरी प्रष्ट पारिएको छ। अनुसूचीमा उल्लिखित नमुना बमोजिमका फारामहरूबाट प्राप्त जानकारी र सूचनाहरूलाई तालिकामा देखाई आवश्यक तथ्याङ्कशास्त्रका विधि समेत प्रयोग गरी विश्लेषण गरिएको छ।

## परिच्छेद चार : नतिजाको छलफल

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकाको अवस्था पत्ता लगाउने, शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका खोजी गर्ने, स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण गर्ने र सो सम्बन्धी समस्या पहिचान गरी समाधान गर्ने मुख्य उद्देश्य राखेर सुनसरी जिल्लाका १२ वटा स्रोतकेन्द्र मध्ये भा.सि.स्रोतकेन्द्र, बलाहा स्रोतकेन्द्र र भुटाहा स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरूलाई अध्ययनको क्षेत्र बनाइएको छ ।

### ४.१ स्रोतव्यक्तिबाट हुने गरेको शैक्षिक सुपरिवेक्षणको अवस्था

यस अध्ययनका लागि छनोट गरिएको सुनसरी जिल्लाको भा.सि., बलाहा र भुटाहा स्रोतकेन्द्र अन्तर्गतका उद्देश्यमूलक छनोट विधिबाट छनोटमा परेका प्रत्येक स्रोतव्यक्तिबाट २/२ वटा विद्यालयहरूमा स्रोतव्यक्तिबाट भएको शैक्षिक सुपरिवेक्षणको विद्यमान अवस्था पहिचान गर्न अनुसूची १ बमोजिमको सर्वेक्षण फारमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : शैक्षिक (विद्यालय) सुपरिवेक्षणको अवस्था

| क्र.सं. | विद्यालयको नाम | शैक्षिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | 2067 | 2068 | 2069 | 2070 | 2071 | |
| 1 | भा.सि.उ.मा.वि.झुम्का | 0 | 1 | 3 | 2 | 2 | 8 |
| 2 | शिवनगर मा.वि.शिवनगर | 2 | 1 | 0 | 1 | 3 | 7 |
| 3 | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा | 2 | 2 | 2 | 1 | 3 | 10 |
| 4 | देवकोटा प्रा.वि. इनरुवा | 3 | 2 | 2 | 2 | 2 | 11 |
| 5 | चपडाही नि.मा.वि.भुटाहा | 1 | 1 | 2 | 2 | 1 | 7 |
| 6 | वि.पि.स्मृति प्रा.वि.भुटाहा | 1 | 2 | 1 | 2 | 2 | 8 |
| | जम्मा | 9 | 9 | 10 | 10 | 13 | 51 |
| | औसत | 1=5 | 1=5 | 1=7 | 1=7 | 2=1 | 1=7 |

नोट : सङ्ख्याले पटक जनाउँछ । स्रोत : विद्यालय अभिलेख, २०७२

माथि प्रस्तुत गरिएको तालिकाका आधारमा छनोट भएका स्रोतकेन्द्र अन्तर्गत रहेका विद्यालयहरूमा स्रोतव्यक्तिबाट भएका विद्यालय सुपरिवेक्षणको अवस्थालाई विश्लेषण गर्दा औसत रूपमा कमै मात्रामा स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण भएको देखिएको छ । स्रोतव्यक्तिको काम, कर्तव्य, अधिकार र सेवाका सर्तहरूमा कक्षा अवलोकन सम्बन्धमा स्रोतव्यक्तिले महिनामा कम्तिमा दसवटा विद्यालयको निरीक्षण गर्ने, निरीक्षण गरिएको विद्यालयमा कम्तिमा दुईवटा नमुना पाठ प्रदर्शन गरी सम्बन्धित शिक्षकसँग अन्तर्क्रियाका साथै पृष्ठपोषण गर्ने व्यवस्था स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ मा भएकोमा स्रोतव्यक्तिबाट वर्षभरिमा अधिकतम ३ पटक मात्र विद्यालय सुपरिवेक्षण हुनु एकातिर आफैमा न्यून हो भने अर्कोतर्फ ३ पटक विद्यालय सुपरिवेक्षण सबै विद्यालयमा प्रत्येक वर्ष हुन सकेको छैन भने स्रोतकेन्द्र नजिक रहेको विद्यालयमा वर्षमा एक पटक हुन नसकेको तथ्याङ्कले देखाउँछ । त्यसैले उपर्युक्त तथ्यहरूबाट के प्रष्ट हुन आउँछ भने छनोटमा परेका स्रोतकेन्द्रमा स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण अति न्यून पटक हुने गरेको छ ।

### ४.१.१ स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण गर्दा गर्ने कार्यहरू

स्रोतव्यक्तिबाट कसरी विद्यालयको शैक्षिक सुपरिवेक्षण हुने गर्दछ अर्थात् स्रोतव्यक्ति विद्यालयमा सुपरिवेक्षणका लागि उपस्थित हुँदा शैक्षिक, भौतिक र पेसागत समस्या लगायत अन्य कुन कुन विषयमा छलफल हुन्छ भन्ने प्रश्नका आधारमा प्राप्त प्रतिक्रियालाई  निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : स्रोतव्यक्तिले विद्यालयमा शैक्षिक सुपरिवेक्षण गर्दा गर्ने कार्यहरू

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">प्रतिक्रियाहरू</th><th colspan="2">शिक्षकबाट प्राप्त</th><th colspan="2">प्र.अ.हरूबाट प्राप्त</th><th colspan="2">वि.व्य.स.अध्यक्षबाट प्राप्त</th></tr>
<tr><th>सङ्ख्या</th><th>प्रतिशत</th><th>सङ्ख्या</th><th>प्रतिशत</th><th>सङ्ख्या</th><th>प्रतिशत</th></tr>
<tr><td>1</td><td>tYofङ\s ;ङ\sng</td><td>3</td><td>50</td><td>3</td><td>50</td><td>2</td><td>33</td></tr>
<tr><td>2</td><td>;"rgf cfbfg k|bfg</td><td>1</td><td>17</td><td>1</td><td>17</td><td>2</td><td>33</td></tr>
<tr><td>3</td><td>z}llfs ;d:of</td><td>1</td><td>17</td><td>1</td><td>17</td><td>1</td><td>17</td></tr>
<tr><td>4</td><td>k];fut ;d:of</td><td>1</td><td>17</td><td>1</td><td>17</td><td>1</td><td>17</td></tr>
</table>

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षण तथ्याङ्क सङ्कलन सङ्कलनमै सीमित रहेको ५०प्रतिशत अर्थात् छनोटमा परेका ३ जना शिक्षकले प्रतिक्रिया दिएका छन् । १७ प्रतिशत अर्थात् १ जना शिक्षकले सूचना आदान प्रदानका लागि सुपरिवेक्षण हुने गरेको उल्लेख गरेका छन् । स्रोतव्यक्तिबाट हुने सुपरिवेक्षण शैक्षिक र पेसागत समस्याका बारेमा केन्द्रित हुने प्रतिक्रिया सबैभन्दा कम १७/१७ प्रतिशत अर्थात् १/१ जनाले मात्र दिएका छन् । यस्तै विद्यालय सुपरिवेक्षण तथ्याङ्क सङ्कलनमै सीमित रहेको प्रतिक्रिया ५० प्रतशित अर्थात् ३ जना प्र.अ.बाट पाइयो । सूचना आदान प्रदान, शैक्षिक समस्या र पेसागत समस्या सम्बन्धमा १७ प्रतिशत अर्थात् ३ जना प्र.अ.ले धारणा राखेका थिए । वि.व्य.स.अध्यक्षहरू मध्येबाट भने ३३ प्रतिशत अर्थात् २ जनाले तथ्याङ्क सङ्कलन, ३३ प्रतिशत अर्थात् २ जनाले सूचना आदान प्रदान तथा १७/१७ प्रतिशत अर्थात् १/१ जनाले पेसागत समस्याका सम्बन्धमा धारणा राखेका थिए ।

यसबाट प्रष्ट हुन्छ कि स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षण परम्परागत र औपचारिक मात्र हुने गरेको देखिन्छ । स्रोतव्यक्तिबाट हुने सुपरिवेक्षण योजनाबद्ध, वैज्ञानिक र प्रभावकारी हुन नसकेको देखिएको छ । यसले स्रोतव्यक्तिबाट हुने सुपरिवेक्षण मार्गदर्शक बन्न नसकेको देखिएको छ ।

### ४.१.२ स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षण गर्दा अपनाउने तरिकाहरू

स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षण गर्दा सुपरिवेक्षणका नमुनाहरूमा आधारित भएर कक्षा सुपरिवेक्षण गरेको खासै पाइएन । स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षण भन्दा पनि विद्यालयका तथ्याङ्क फारमहरू भर्न सिकाउने तथा सूचना आदान प्रदान गर्ने जस्ता कार्यहरूमा बढी समय दिएको पाइयो । शिक्षकहरूले पनि कक्षा शिक्षण गर्दा स्रोतव्यक्तिबाट प्राप्त भएका सल्लाह, सुझाव र परामर्शलाई खासै व्यवहारमा कार्यान्वयन नगरेको अवस्था यस अध्ययनको क्रममा पाइयो । शिक्षकहरूलाई समेत स्रोतव्यक्ति स्वयम्ले सुपरिवेक्षणका नमुना कक्षा प्रस्तुत गरेर सुपरिवेक्षण कार्यमा शिक्षकहरूलाई प्रेरित गरेको कम मात्र पाइयो । अध्ययनका क्रममा शिक्षक, प्रधानाध्यापक तथा वि.व्य.स.अध्यक्षहरूबाट प्राप्त उत्तर कक्षा सुपरिवेक्षणको तरिकालाई निम्न तालिकामा देखाइएको छ -

तालिका ४ : स्रोतव्यक्तिले गर्ने सुपरिवेक्षणको तरिका

| क्र.सं. | प्राप्त उत्तर | प्राप्त उत्तरको प्रतिशत |
|---|---|---|
| 1 | तथ्याङ्क सङ्कलन | 44% |
| 2 | सूचना आदान प्रदान | 22% |
| 3 | शैक्षिक समस्या | 17% |
| 4 | पेसागत समस्या | 17% |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार स्रोतव्यक्तिबाट हुने सुपरिवेक्षण कार्य तथ्याङ्क सङ्कलनका लागि भन्ने जवाफ ४४ प्रतिशतले दिएका छन् भने २२ प्रतिशतले सूचनाको आदान प्रदानका लागि सुपरिवेक्षण हुने गरेको उल्लेख गरेका छन् । स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षण शैक्षिक र पेसागत समस्याका बारेमा केन्द्रित हुने प्रतिक्रिया क्रमशः १७/१७ प्रतिशतले दिएका छन् । यसबाट स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षण परम्परागत र औपचारिक मात्र हुने गरेको देखिन्छ । स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षण योजनाबद्ध, वैज्ञानिक, मार्गदर्शक र प्रभावकारी हुनुपर्ने देखिन्छ ।

### ४.१.३ कक्षागत सिकाइ उपलब्धिको अवस्था

शैक्षिक सुपरिवेक्षणले सिकाइ उपलब्धिमा समेत प्रभाव पार्ने भएकाले छनोटमा परेका स्रोतकेन्द्रका विद्यालयहरूमा हुने शैक्षिक सुपरिवेक्षणले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने सम्बन्धमा शैक्षिक वर्ष २०६७ देखि २०७१ सम्मको कक्षा ५ र ८ को वार्षिक तथा कक्षा १० को माध्यमिक योग्यता परीक्षाको गत पाँच वर्षको कक्षागत सिकाइ उपलब्धिलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

तालिका ५ : कक्षागत सिकाइ उपलब्धि

| विद्यालयको नाम | 2067 | | | 2068 | | | 2069 | | | 2070 | | | 2071 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | slff | | | slff | | | slff | | | slff | | | slff | | |
| | 5 | 8 | 10 | 5 | 8 | 10 | 5 | 8 | 10 | 5 | 8 | 10 | 5 | 8 | 10 |
| भा.सि.उ.मा.वि. | 40 | 44 | 45 | 39 | 43 | 45 | 40 | 42 | 48 | 39 | 40 | 42 | 40 | 40 | 40 |
| शिवनगर मा.वि. | 40 | 42 | 41 | 40 | 41 | 44 | 42 | 44 | 45 | 39 | 41 | 42 | 40 | 40 | 41 |
| अमरशान्ति सिर्जना नि.मा.वि. | 41 | 43 | 0 | 40 | 44 | 0 | 44 | 45 | 0 | 43 | 43 | 0 | 40 | 42 | 0 |
| देवकोटा प्रा.वि. | 44 | 0 | 0 | 42 | 0 | 0 | 45 | 0 | 0 | 40 | 0 | 0 | 40 | 0 | 0 |
| चपडाही नि.मा.वि. | 40 | 45 | 0 | 39 | 44 | 0 | 42 | 46 | 0 | 40 | 42 | 0 | 39 | 43 | 0 |
| वि.पि.स्मृति प्रा.वि. | 46 | 0 | 0 | 43 | 0 | 0 | 44 | 0 | 0 | 43 | 0 | 0 | 41 | 0 | 0 |
| जम्मा | 251 | 174 | 86 | 243 | 172 | 89 | 257 | 157 | 93 | 244 | 166 | 84 | 240 | 165 | 81 |
| औसत | 41=8 | 43=5 | 43 | 40=5 | 43 | 44=5 | 42=8 | 39=2 | 46=5 | 40=6 | 41=5 | 42 | 40 | 41=2 | 40=5 |

स्रोत : विद्यालय अभिलेख, २०७२

माथिको तालिकाका आधारमा औसत कक्षागत सिकाइ उपलब्धिको विश्लेषण गर्दा २०६७ सालमा कक्षा पाँचको औसत सिकाइ उपलब्धि ४१.८ रहेकोमा २०६८ सालमा १.३ ले घटेर ४०.५, २०७० सालमा ४१.५ र २०७१ सालमा १.५ घटेर ४० भएको छ । त्यस्तै कक्षा आठको औसत कक्षागत सिकाइ उपलब्धि २०६७ सालमा ४३.५ रहेकोमा २०६८ सालमा ०.५ ले घटेर ४३.०, २०६९ सालमा ३.८ ले घटेर ३९.२ भएको छ । यस्तै कक्षा दसको औसत कक्षागत सिकाइ उपलब्धि २०६७ सालमा ४३ रहेकोमा २०७० सालमा २.५ ले घटेर ४०.५ हुनुले तीनवटै कक्षामा वर्षेनी सिकाइ उपलब्धि घटेको देखिएको छ । यसरी प्रत्येक साल स्रोतव्यक्तिबाट शैक्षिक सुपरिवेक्षण कम हुँदै जाँदा विद्यालयहरूको कक्षागत सिकाइ उपलब्धि पनि कम हुँदै गएको देखिन्छ । कक्षा पाँच, आठ र दस बाहेक अन्य कक्षाहरूको कक्षागत सिकाइ उपलब्धि पनि क्रमशः कम हुँदै गएको पाइन्छ । यसलाई अनुसूची ६, ७, ८, ९ र १० मा उल्लेख गरिएको छ ।

### ४.१.४ सुपरिवेक्षण पछि शिक्षकको पेसागत दक्षतामा आएको परिवर्तन

स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण गरेपश्चात् धेरैजसो शिक्षकहरूमा सकारात्मक परिवर्तन आएको पाइयो । जस्तो कि शिक्षकहरूले कक्षाकोठामा विद्यार्थीलाई विषयवस्तु पढाउन जानु अगाडि पाठयोजना बनाएर जाने, शिक्षण गर्नु अगाडि नै विषयवस्तुलाई सूक्ष्म अध्ययन गरेर जाने, मिहिनेत गर्ने र आफ्नो विषयमा नबुझेका पाठहरूबारे छलफल गर्ने बानीको विकास भएको पाइयो भने केही अल्छी, कमजोर, समय नदिने र कामचोर प्रवृत्तिका शिक्षकहरूमा स्रोतव्यक्तिको शैक्षिक सुपरिवेक्षणले हतोत्साही हुने, विद्यालयमा स्रोतव्यक्तिले सुपरिवेक्षण गर्न आएका दिन उपस्थित नहुने जस्ता गैर जिम्मेवार प्रवृत्ति बढाएको समेत पाइयो । तर बहुसङ्ख्यक शिक्षकहरूमा भने स्रोतव्यक्तिको शैक्षिक सुपरिवेक्षणपछि पेसागत ज्ञान, सीप, अनुभव, अभिवृद्धि भएको उनीहरूले महसुस गरेको पाइयो ।

### ४.१.५ स्रोतव्यक्तिले दिएको सुझाव र सल्लाहको कार्यान्वयन

छनोटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूमा एउटा उ.मा.वि., एउटा मा.वि., २ वटा नि.मा.वि. र २ वटा प्रा.वि.हरूमा स्रोतव्यक्तिले दिएको सल्लाह सुझावको कार्यान्वयनको अवस्थालाई अनुसूची २, ३ र ४ बाट प्राप्त जवाफ अनुसार प्रतिशतका आधारमा प्राप्त प्रतिक्रियालाई निम्न तालिका अनुसार प्रस्तुत गरिएको छ -

तालिका ६ : स्रोतव्यक्तिले दिएको सुझाव र सल्लाहको कार्यान्वयन (प्रतिशतमा)

| प्राप्त उत्तर | शिक्षकहरूबाट प्राप्त उत्तर | प्र.अ.हरूबाट प्राप्त उत्तर | वि.व्य.स.अध्यक्षहरूबाट प्राप्त उत्तर | स्रोतव्यक्तिहरूबाट प्राप्त उत्तर |
|---|---|---|---|---|
| 0-25 | 33 | 33 | 33 | - |
| 25-50 | 33 | 17 | 33 | 67 |
| 50-75 | 33 | 50 | 33 | 33 |
| 75-100 | - | - | - | - |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण सम्बन्धमा दिएको सुझाव र सल्लाहको कार्यान्वयनको जवाफमा ६ जना शिक्षकहरूमध्ये ६ जनाले नै ३३ प्रतिशत कार्यान्वयन भएको ७५-१०० प्रतिशत नभएको बताएका छन् भने प्र.अ.हरूले क्रमशः ३३ प्रतिशत, १७ प्रतिशत र ५० प्रतिशत कार्यान्वयन भएको पूर्ण नभएको बताएका छन् । वि.व्य.स.अध्यक्षहरूको प्राप्त उत्तरमा ६ जनाले ३३ प्रतिशतका दरले कार्यान्वयन भएको, पूर्ण नभएको बताएका छन् । स्रोतव्यक्तिले दिएको सुझाव सल्लाहलाई पूर्ण रूपमा पालना नभएको पाइयो । सुझाव सल्लाह पूर्ण पालना नगर्ने शिक्षकहरूलाई कार्यवाहीका लागि जि.शि.का.मा सिफारिस गर्नुपर्ने र राजनीतिक आडका आधारमा पेसागत ज्ञान, सीप, अनुभव प्राप्त नगरी शैक्षिक सुपरिवेक्षणमा बाधा पुर्याउने शिक्षकहरूलाई समेत स्रोतव्यक्तिले माथिल्लो निकायमा कार्यवाहीका लागि अगाडि बढाउनु पर्ने स्थिति देखिन्छ ।

## ४.२ शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू

शैक्षिक सुपरिवेक्षणले विद्यालयको गुणस्तर अभिवृद्धि गर्न र उच्च सिकाइ उपलब्धि हासिल गर्न अहम् भूमिका खेल्ने भएकाले सुपरिवेक्षण अपेक्षित रूपमा हुन आवश्यक छ । यस्तो कार्यका लागि स्रोतव्यक्तिले विद्यालयमा शैक्षिक प्रक्रियामा भए गरेका गतिविधिहरूको सुपरिवेक्षण गर्दा मात्र वास्तविक अवस्थाको जानकारी हुन्छ । स्रोतव्यक्तिबाट देखिएका कमी कमजोरीमा आवश्यक सल्लाह, सुझाव, परामर्शबाट विद्यालयको गुणस्तर अभिवृद्धि गर्न, सिकाइ उपलब्धि हासिल गर्न, कारक तत्त्वहरूको विश्लेषण गर्न, कक्षा शिक्षणमा सुधार गर्न, विद्यालयका समस्या समाधान गर्न आदिमा सहयोग पुग्दछ । स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ मा स्रोतव्यक्तिले महिनामा कम्तिमा १० वटा विद्यालयको निरीक्षण गर्ने, निरीक्षण गरिएको विद्यालयमा कम्तिमा २ वटा नमुना पाठ प्रदर्शन गरी सम्बन्धित शिक्षकसँग अन्तर्क्रियाका साथै पृष्ठपोषण गर्ने र अर्कोपटक कक्षा अवलोकन गर्दा अगाडि दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने व्यवस्था रहेको पाइन्छ ।

### ४.२.१ स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू

विद्यालयको गुणस्तर अभिवृद्धि गर्न जिम्मेवारी पाएको स्रोतकेन्द्रका स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू विश्लेषण गर्न अनुसूची २, ३ र ४ का प्रश्नावलीका आधारमा प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष र स्रोतव्यक्तिहरूबाट आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ -

तालिका ७ : स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू

| कारक तत्त्वहरू | शिक्षकको जवाफ | | प्र.अ.को जवाफ | | वि.व्य.स.अ.को जवाफ | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| स्रोत साधनको कमी | 3 | 50 | 2 | 33 | 2 | 33 |
| अधिक विद्यालय सङ्ख्या | 1 | 17 | 2 | 33 | 2 | 33 |
| उत्तरदायित्वको कमी | 1 | 17 | 1 | 17 | 1 | 17 |
| नीति नियमको अभाव | 1 | 17 | 1 | 17 | 1 | 17 |

नोट : माथिको सङ्ख्याले विद्यालय सङ्ख्या जनाउँछ।     स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिकाको आधारमा शिक्षक, प्र.अ., वि.व्य.स.अध्यक्ष र स्रोतव्यक्तिबाट प्राप्त उत्तरका आधारमा विद्यालयको शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरूमा ५० प्रतिशतले स्रोतसाधनको कमी, १७ प्रतिशतले एकजना स्रोतव्यक्ति बराबर अधिक विद्यालय सङ्ख्या, १७ प्रतिशतले स्रोतव्यक्तिको उत्तरदायित्वमा बोधमा कमी र १७ प्रतिशतले नीति नियमको अभाव भन्ने जवाफ दिएका छन्। सबैभन्दा बढी ५० प्रतिशतले स्रोत साधनको कमी भन्ने जवाफ दिएकाले स्रोतकेन्द्रमा मानवीय स्रोत साधनका रूपमा दैनिक भ्रमण भत्ता न्यून रहेकाले स्रोतसाधनको कमी शैक्षिक सुपरिवेक्षणका प्रमुख तत्त्वहरू हुन्। त्यस्तै एउटा स्रोतव्यक्तिले धेरै विद्यालयहरूको सुपरिवेक्षण गर्नुपर्ने, साथै स्रोतव्यक्ति स्वयम्मा पनि सुपरिवेक्षण प्रति उत्तरदायित्वको कमी हुनु र नीति नियमको अभाव आदिले पनि शैक्षिक सुपरिवेक्षणका कारक तत्त्वहरूका रूपमा रहेका छन्। एकजना स्रोतव्यक्तिले एउटा स्रोतकेन्द्र भरिका लगभग ३० वटा भन्दा माथि सङ्ख्याका विद्यालयको सुपरिवेक्षण गर्न साधन, स्रोत र समयको अभाव आदिले गर्दा पनि प्रभावकारी हुन सकेको छैन।

### ४.२.२ कक्षा शिक्षणमा सुधार

विद्यालयको शैक्षिक गुणस्तर सुधारमा स्रोतव्यक्तिको अहम् भूमिका हुन्छ। स्रोतव्यक्तिले प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तहका कक्षाहरूमा कक्षा सुपरिवेक्षण गर्न सक्छन्। सुपरिवेक्षणबाट कक्षा व्यवस्थापन, शैक्षिक सामग्री निर्माण र प्रयोगको प्रभावकारिता, योजना अनुरुप कक्षा शिक्षण आदिमा देखा परेका कमी कमजोरीमा सुधार गर्न शिक्षकहरूलाई सल्लाह, सुझाव दिन सक्छन्। स्रोतव्यक्तिको कार्यव्यस्तता, राजनैतिक हस्तक्षेप, तालिमको अभाव, शिक्षकका कमजोरीका कारणले कक्षा सुपरिवेक्षण पर्याप्त भएको अवस्था देखिँदैन। स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षणमा भन्दा तथ्याङ्क सङ्कलनमै बढी समय दिएको अवस्था छ। स्रोतकेन्द्र बैठकबाट प्राप्त सल्लाह सुझावहरूलाई

विद्यालयहरूले कागजमा मात्र सीमित गरेको व्यवहारमा प्रयोगमा ल्याउन सकेको देखिँदैन । स्रोतव्यक्तिको कार्यव्यस्तता, चासोको अभाव जस्ता कारक तत्त्वले कक्षा शिक्षण सुधारमा खासै प्रगति पाइदैन ।

### ४.२.३ प्र.अ. तथा शिक्षकका कमी कमजोरी

विद्यालयमा प्रशासन, शैक्षिक सुधार, भौतिक सुधार आदिको जिम्मेवारी पाएका प्रधानाध्यापकहरूको विद्यालयको उन्नति प्रगतिमा अहम् भूमिका हुन्छ । प्रधानाध्यापकले आफ्नो विद्यालयमा कार्यरत शिक्षकहरूबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने गरेका, योजना अनुरुपको शिक्षण, शैक्षिक सामग्रीको प्रयोग तथा सिकाइ उपलब्धि वृद्धिका कार्यहरू कतिको भएको छ सुपरिवेक्षण गर्ने गर्नुपर्दछ र आवश्यक सल्लाह सुझाव प्रदान गर्नु पर्दछ । प्रधानाध्यापकहरू सबै शैक्षिक सुधारमा सक्षम छैनन् । नीति नियमको कमजोरी, लगनशीलताको अभाव, कामको बोझ, जनसहभागिता गर्न नसक्नु, राजनैतिक दबाब, क्षमताको अभाव जस्ता कारक तत्त्वले गर्दा प्र.अ.हरूबाट खासै शैक्षिक सुधार भएको अवस्था छैन । प्र.अ.ले समय समयमा कक्षा सुपरिवेक्षण नगर्दा शिक्षकमा जिम्मेवारी बोध नहुने, पाठ योजना, शैक्षिक सामग्री निर्माण र प्रयोग नगर्ने, केवल कक्षामा परम्परागत शैलीको शिक्षण प्रक्रिया अपनाउने कार्य भएको अवस्था छ । यस्तो प्र.अ. र शिक्षकहरूको कमजोरीको अवस्थालाई स्रोतव्यक्तिबाट समय समयमा सुपरिवेक्षण गरी योजनाबद्ध, बैज्ञानिक, प्रभावकारी, मार्गनिर्देशक बन्न नसकेको देखिएको छ ।

### ४.२.४ विद्यालयका समस्या समाधानमा सहयोग

स्रोतव्यक्ति विद्यालय सुधारको एउटा जिम्मेवार व्यक्ति हुन्छ । स्रोतव्यक्तिले विद्यालयमा देखा परेका समस्याहरूमा प्रत्यक्ष संलग्न भई प्र.अ., शिक्षकहरू र अभिभावकको छलफल सहयोगबाट समाधान गर्नु पर्दछ । शिक्षक नियुक्ति, भौतिक निर्माण, सिकाइमा अभिवृद्धि आदि जस्ता कार्यहरूमा स्रोतव्यक्तिको अहम् भूमिका हुन्छ । स्रोतव्यक्तिको कार्यव्यस्तता, समयको अभाव, तथ्याङ्क सङ्कलनमा मात्र सीमित, भौगोलिक कठिनाइ, राजनैतिक दबाब जस्ता कारक तत्त्वले स्रोतव्यक्ति विद्यालयको समस्या समाधानमा पूर्ण संलग्न हुने गरेको देखिदैन ।

### ४.२.५ भौगोलिक कठिनाइ

एउटा स्रोतव्यक्तिलाई ३० भन्दा बढी विद्यालयको जिम्मेवारी दिएको अवस्था यस सुनसरी जिल्लाका स्रोतकेन्द्रहरूमा रहेको छ । एउटा स्रोतव्यक्तिमा अधिक विद्यालय सङ्ख्याको जिम्मेवारी भएबाट सबै

विद्यालयमा नियमित उपस्थित भई शैक्षिक सुधार लगायत विद्यालयका अन्य पक्षमा सहयोग गर्न सक्ने अवस्था छैन । सूचना प्राप्त भएबाट उक्त विद्यालयमा गई समस्या समाधानको प्रयास गर्ने गरेको पाइन्छ । यसरी भौगोलिक कठिनाइका कारण स्रोतव्यक्तिका कार्यहरू प्रभावकारी हुन सकेका छैनन् ।

### ४.३ शैक्षिक सुपरिवेक्षणका समस्याहरू

स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणका समस्याहरू पहिचान गर्न जिल्ला सुनसरी भा.सि. स्रोतकेन्द्र, बलाहा स्रोतकेन्द्र र भुटाहा स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरू मध्ये छनोटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षण अधिकतम वार्षिक रूपमा ३ पटक भएको र कतिपय विद्यालयमा वर्षमा एकपटक समेत विद्यालय सुपरिवेक्षण हुन नसकेकाले त्यसका कारणहरू वा समस्याहरू पत्ता लगाउन छनोटमा परेका प्रत्येक विद्यालयबाट एक एक जना शिक्षक, प्र.अ., वि.व्य.स.अध्यक्ष र स्रोतव्यक्तिसँग अनुसूची २, ३ र ४ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा समस्याहरू पत्ता लगाउने काम गरिएको थियो ।

### ४.३.१ शिक्षकहरूले औँल्याएका समस्याहरू

स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा के कस्ता समस्याहरू रहेका छन् भनी छनोटमा परेका ६ वटा विद्यालयका एक/एक जना शिक्षकलाई अनुसूची २ अनुसारको खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा संलग्न शिक्षकहरूबाट निम्न समस्याहरूलाई औँल्याइएको छ ।

अन्तर्वार्तामा सहभागी ४५ प्रतिशत शिक्षकले वर्षमा थोरै पटक मात्र स्रोतव्यक्तिबाट शैक्षिक सुपरिवेक्षण हुने गरेको बताएका थिए । त्यस्तै स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणका क्रममा विद्यालयमा उपस्थित हुँदा तथ्याङ्क सङ्कलन र सूचना आदान प्रदानमा मात्र बढी हुने गरेको तर शिक्षकहरूको पेसागत समस्याहरू र शैक्षिक समस्याहरूका बारेमा छलफल गर्ने अवसर कमै मात्रामा हुने गरेको धारणा ५५ प्रतिशत शिक्षकहरूले बताए । यसै सन्दर्भमा श्री शिवनगर मा.वि.रामधुनी भा.सि.का शिक्षक रञ्जित कुमार चौधरीलाई शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या सम्बन्धमा सोध्दा उहाँ भन्नुहुन्छ -

स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षण औपचारिक मात्र हुने गरेको छ । स्रोतव्यक्ति विद्यालयको सुपरिवेक्षण नै गर्ने उद्देश्यले भन्दा पनि विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षक नियुक्ति,

तथ्याङ्क सङ्कलन गर्नुपर्ने अवस्थामा मात्र विद्यालयसम्म आइपुग्ने गरेका छन् । स्रोतव्यक्ति सम्बन्धित स्रोतकेन्द्र भित्रकै विद्यालयको शिक्षक भएका कारण शिक्षकहरू स्रोतव्यक्तिका सल्लाह सुझावलाई गम्भीरतापूर्वक लिदैनन् । स्रोतव्यक्तिबाट पनि अघिल्लो पटक आफूले दिएका सल्लाह, सुझावलाई शिक्षकहरूले पालना गरे कि गरेनन् भनेर अनुगमन गर्दैनन् ।

### ४.३.२ प्रधानाध्यापकले औंल्याएका समस्याहरू

स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षणमा के कस्ता समस्याहरू देखिएका छन् सो सम्बन्धी समस्याहरू विश्लेषण गर्नका लागि छनोटमा परेका ६ ओटै सामुदायिक विद्यालयका प्र.अ.हरूसँग अनुसूची २ अनुसारको खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा प्राप्त जवाफहरूका आधारमा ६० प्रतिशत प्र.अ.ले वर्षभरिमा न्यून पटक मात्र स्रोतव्यक्तिबाट शैक्षिक सुपरिवेक्षण हुने गरेको र नियमित शैक्षिक सुपरिवेक्षण समेत हुन नसकेको बताएका थिए । तथ्याङ्क सङ्कलन र सूचना आदान प्रदानमा मात्र स्रोतव्यक्तिको भूमिका सीमित रहेको धारणा ४० प्रतिशत प्र.अ.हरूले व्यक्त गरेका थिए । यसै सन्दर्भमा श्री अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवाका प्र.अ. ईश्वर प्रसाद पोखरेललाई शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या सम्बन्धमा सोध्दा उहाँ भन्नुहुन्छ -

एकजना स्रोतव्यक्तिले एउटा स्रोतकेन्द्र भरिका लगभग ३०-४० वटा विद्यालयहरूको समूहको शैक्षिक सुपरिवेक्षणमा भौगोलिक, आर्थिक अन्य पक्षले गर्दा समस्या छ । स्रोतव्यक्तिले बढी समय शैक्षिक सुपरिवेक्षण भन्दा पनि तथ्याङ्क सङ्कलन, सूचना आदान प्रदान, गोष्ठी, तालिममा नै बढी समय स्रोतकेन्द्रमा नै बसेर बिताउने गर्छन् जसले गर्दा विद्यालय सुपरिवेक्षणमा समस्या देखिएको छ ।

यसरी नै शैक्षिक सुपरिवेक्षणका समस्याहरू बारे शिवनगर मा.वि.का प्र.अ. फागुलाल चौधरीका अनुसार -

स्रोतव्यक्तिको उपस्थिति विद्यालयमा कम नै छ । भरसक हामीहरूलाई नै स्रोतकेन्द्रमा बोलाएर तथ्याङ्कहरू लिने, बैठक गर्ने जस्ता कार्य गर्दछन् । कक्षा निरीक्षण र नमुना पाठ प्रदर्शनमा कम ध्यान दिनुहुन्छ । शिक्षकहरूको पेसागत समस्या र शैक्षिक समस्याका बारेमा छलफल गर्ने अवसर कमै मात्र हुने गरेको छ ।

### ४.३.३. वि.व्य.स.अध्यक्षले औंल्याएका समस्याहरू

शोध अन्ययनका लागि छनोटमा परेका विद्यालयका वि.व्य.स.अध्यक्षहरूबाट अनुसूची ३ अनुसारका खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा समस्याहरू सङ्कलन गरिएको थियो । स्रोतव्यक्ति स्रोतकेन्द्रमा नबस्ने भएकाले शैक्षिक सुपरिवेक्षणका सम्बन्धमा स्रोतव्यक्तिसँग छलफल गर्ने अवसर ज्यादै कम पाइने धारणा ७५ प्रतिशत वि.व्य.स.अध्यक्षले राखेका थिए । शैषिक सुपरिवेक्षणका लागि स्रोतव्यक्ति विद्यालयमा कमै आउने गरेको, स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण गरे नगरेको अनुगमन गर्ने व्यवस्था माथिल्लो निकायबाट नगरिएको विचार छनोटमा परेका विद्यालयका बहुसङ्ख्यक वि.व्य.स.अध्यक्षले व्यक्त गरेका थिए । स्रोतव्यक्तिले विद्यालयका शिक्षक, प्र.अ., वि.व्य.स.का पदाधिकारीहरूसँग समन्वय गरी शैक्षिक सुपरिवेक्षणलाई अघि बढाउनुपर्ने देखिन्छ । यसै सन्दर्भमा श्री चपडाही नि.मा.वि.भुटाहाका वि.व्य.स.अध्यक्ष श्री डोमी मण्डललाई शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्याका बारेमा सोध्दा उहाँ भन्नुहुन्छ -

स्रोतव्यक्तिले प्रभावकारी रूपमा शैक्षिक सुपरिवेक्षण गर्न नसक्नु आजको राजनीतिक परिवेशले गर्दा पनि हो । शिक्षकहरू विभिन्न संघ, संगठनमा आबद्ध छन् र उनीहरूले स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणका क्रममा दिएका सुझाव, सल्लाह आदिको कार्यक्षेत्रमा इमानदारीपूर्वक कार्यान्वयन पनि गर्दैनन् र स्रोतव्यक्तिले पनि त्यस्ता शिक्षकहरूलाई कारवाही गर्न सक्ने अवस्था राजनीतिक हस्तक्षेपका कारणले प्रतिकूल अवस्था छ ।

### ४.३.४ स्रोतव्यक्तिबाट व्यक्त समस्याहरू

छनोटमा परेका ३ वटै स्रोतकेन्द्रका स्रोतव्यक्तिहरूलाई तपाईंहरूबाट गर्ने शैक्षिक सुपरिवेक्षणमा के कस्ता समस्याहरू भोग्नु भएको छ भनी अनुसूची ४ अनुसारका खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा प्राप्त भएका विचार अनुसार एक जना स्रोतव्यक्तिले धेरै विद्यालयहरूको सुपरिवेक्षण गर्न कठिन भएको विद्यालयको तथ्याङ्क पारदर्शी नहुनु, शिक्षक र प्र.अ.बीच समन्वय नहुनु, राजनीतिक दबाब हुनु, शिक्षकको अटेरी, प्र.अ.को मजबुरी भएको विचार व्यक्त भएको थियो । त्यस्तै स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण सम्बन्धी आधुनिक प्रविधि र सीप समेट्ने पुनर्ताजगी तालिमको व्यवस्था नहुनु, तथ्याङ्क सङ्कलन प्रशासनिक कार्यको बोझ बढी हुनुले पनि विद्यालय सुपरिवेक्षणलाई सही ढङ्गले अघि बढाउन कठिन भएको विचार व्यक्त भएको थियो ।

स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण सम्बन्धी यथार्थ चित्रण हुने गरी प्रतिवेदन जि.शि.का.मा पठाउदा पनि त्यसको सुनुवाई नभएको, बुझाएका प्रतिवेदन उपर पनि जि.शि.का.बाट कुनै सुनुवाई नभएको, राम्रो कार्य गर्दा प्रोत्साहन गर्ने कुनै व्यवस्था नभएको, स्थानीय स्तरबाट शैक्षिक सुपरिवेक्षणमा आवश्यक सहयोग प्राप्त हुन नसकेको आदि समस्याहरूले गर्दा समेत शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन नसकिएको विचार स्रोतव्यक्तिहरूबाट व्यक्त भएको थियो । यसै सन्दर्भमा भा.सि.स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री युवराज प्रसाईंलाई शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्याका बारेमा सोध्दा उहाँ भन्नुहुन्छ -

एक जना स्रोतव्यक्तिले ३०-४० वटा विद्यालयहरू सुपरिवेक्षण कार्य गर्न आर्थिक, भौगोलिक, शारीरिक रूपले पनि समस्या छ । त्यस्तै तथ्याङ्क सङ्कलन, प्रशासनिक कार्यको बोझ, स्रोतव्यक्तिलाई बढी हुनुले पनि शैक्षिक सुपरिवेक्षणलाई सही ढङ्गले अघि बढाउन समस्या छ । जिल्ला शिक्षा कार्यालयले पनि स्रोतव्यक्तिको शैक्षिक सुपरिवेक्षणका समस्या प्रति खासै चासो नदिनु आदि समस्या छन् ।

### ४.४ शैक्षिक सुपरिवेक्षणका समस्या समाधानका उपायहरू

स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ भनी सो सम्बन्धमा जिल्ला सुनसरीका १२ वटा स्रोतकेन्द्रमध्ये ३ वटा स्रोतकेन्द्र भा.सि.स्रोतकेन्द्र, बलाहा स्रोतकेन्द्र र भुटाहा स्रोतकेन्द्रका १०६ वटा सामुदायिक विद्यालयहरू मध्ये छनोटमा परेका ६ वटा सामुदायिक विद्यालयका शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष र स्रोतव्यक्तिहरूसँग अनुसूची २, ३ र ४ का आधारमा खुल्ला प्रश्नावली र अनुसूची ५ को छलफल निर्देशिकाका आधारमा समाधानका उपायहरू पत्ता लगाउने प्रयास गरिएको छ ।

यी स्रोतकेन्द्र अन्तर्गतका छनोटमा परेका ६ वटा विद्यालयका १/१ जना गरी ६ जना शिक्षक, ६ जना प्र.अ.हरू, ६ जना वि.व्य.स.अध्यक्षहरू र ३ जना स्रोत व्यक्तिहरूसँग छलफल गर्दा शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् अभिभावकहरूसँग व्यापक छलफल गर्नुपर्ने, शैक्षिक सुपरिवेक्षणलाई वृद्धि गर्नुपर्ने, बेलाबखत स्रोतकेन्द्रका विषय शिक्षकहरूको भेला गराई विषयगत समस्या समाधानका उपायहरू पत्ता लगाउने, स्रोतव्यक्तिको छनोट राजनीतिक प्रभावका कारण नभई दक्ष, योग्य व्यक्ति हुनुपर्ने, स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण गरे नगरेको माथिल्लो निकायबाट अनुगमन हुनुपर्ने, विद्यालयमा

विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी उपलब्ध गराउने कुरामा समेत स्रोतव्यक्तिले भूमिका खेल्नुपर्ने धारणा शैक्षिक सुपरिवेक्षणमा रहेको कुरा सर्वपक्षीय रूपमा सबैले व्यक्त गरेको पाइन्छ ।

### ४.४.१ शिक्षकहरूबाट प्राप्त समाधानका उपायहरू

यी स्रोतकेन्द्र अन्तर्गतका छनोटमा परेका ६ वटा विद्यालयका १/१ जना शिक्षकहरू गरी ६ जना शिक्षकहरूले स्रोतकेन्द्रको शैक्षिक सुपरिवेक्षणका समस्याहरू समाधान गर्न स्रोतव्यक्तिबाट गरिने शैक्षिक सुपरिवेक्षण आवश्यकता अनुसार मासिक रूपले नियमित हुनुपर्ने विचार व्यक्त गरेका छन् । स्रोतव्यक्तिले तथ्याङ्क सङ्कलन र सूचना आदान प्रदान बाहेक पेसागत र शैक्षिक समस्याहरूलाई छलफल गरी समाधान गर्न बढी समय र प्रयास गर्नुपर्ने देखिएको छ । स्रोतव्यक्तिले शिक्षकहरूसँग पनि भेटघाट गर्ने र शिक्षकका समस्याहरूलाई खुलस्त रूपले व्यक्त गर्न सक्ने वातावरण तयार गर्ने साथै उक्त समस्याहरूलाई समाधानमा सहयोग पुऱ्याउनु पर्ने देखिएको छ । स्रोतव्यक्ति स्रोतकेन्द्रमा नै बस्नुपर्ने जसले आवश्यक परेको बखत तुरुन्त सम्पर्क गर्न सकियोस् । बेलाबखत स्रोतकेन्द्र भित्रका विषयगत शिक्षकहरूको भेला बोलाई विषयगत समस्याहरूमा छलफल गर्ने र समस्याहरू निराकरण गर्नुपर्ने आदि समस्या समाधानका उपायहरू बताइएको छ ।

यसै सन्दर्भमा श्री शिवनगर मा.वि.शिवनगरका शिक्षक श्री रञ्जित कुमार चौधरीलाई शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका सम्बन्धमा सोध्दा उहाँ भन्नुहुन्छ -

स्रोतव्यक्तिको शैक्षिक सुपरिवेक्षण औपचारिक मात्र हुनु हुँदैन । स्रोतव्यक्ति वि.व्य.स. गठन, शिक्षक नियुक्ति जस्ता अवस्थामा मात्र होइन बेलाबेलामा विद्यालयको सुपरिवेक्षण नै गर्ने उद्देश्यले विद्यालय आउनु पर्छ । स्रोतव्यक्तिलाई आफू कार्यरत स्रोतकेन्द्रमा होइन अन्य स्रोतकेन्द्रमा नियुक्ति दिनुपर्छ । स्रोतव्यक्ति आफूले अघिल्लो पटक दिएका सल्लाह सुझावलाई शिक्षकहरूले कति पालना गरे भनेर अनुगमन गर्ने गर्नुपर्छ ।

### ४.४.२ प्रधानाध्यापकहरूबाट प्राप्त उपायहरू

यी स्रोतकेन्द्र अन्तर्गत छनोटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूका प्र.अ.हरूसँग स्रोतव्यक्तिको शैक्षिक सुपरिवेक्षणका समस्याहरू समाधान गर्ने उपायहरूको सम्बन्धमा अनुसूची २ अनुसारका खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारबाट प्राप्त उपायहरूमा स्रोतव्यक्तिले प्रत्येक विद्यालयको शैक्षिक सुपरिवेक्षणलाई वृद्धि गर्नुपर्ने र निरन्तरता दिनुपर्ने विचार व्यक्त भएका छन् । प्र.अ.हरूले स्रोतव्यक्तिबाट तथ्याङ्क सङ्कलन सूचना आदान

प्रदानका साथसाथै शैक्षिक र पेसागत समस्याहरूको समाधानमा पनि त्यतिकै चासो राख्नुपर्ने धारणा व्यक्त गरेका छन् । विद्यालयका समस्याहरूमा स्रोतव्यक्तिले ठोस निर्णय दिन सक्नुपर्ने उपाय पनि प्रधानाध्यापकहरूले सुझाएका छन् । शिक्षक नियुक्ति जस्तो विद्यालयको महत्त्वपूर्ण कार्यमा अनिवार्य स्रोतव्यक्ति उपस्थित भई अग्रणी भूमिका निर्वाह गर्नुपर्ने सुझाव समेत प्रधानाध्यापकहरूको रहेको छ । स्रोतव्यक्तिबाट आधुनिक सीप र प्रविधिका आधारमा योजनाबद्ध विद्यालय सुपरिवेक्षण गर्नुपर्ने उपाय प्र.अ.हरूबाट व्यक्त भएको छ । शैक्षिक सुपरिवेक्षणको परम्परागत शैलीलाई त्याग्नुपर्ने विचार समेत उपायका रूपमा प्र.अ.हरूबाट व्यक्त भएको छ । विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने, स्थानीय स्तरमा शैक्षिक सुपरिवेक्षणसँग संलग्न वि.व्य.स.का पदाधिकारीहरू र प्रधानाध्यापकहरूसँग तालमेल गरी शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउनु पर्ने उपाय प्र.अ.हरूबाट प्राप्त भएको छ । त्यस्तै स्रोतव्यक्तिको छनोट नियुक्ति हुँदा राजनीतिक प्रभावका कारण नभई सक्षम र दक्ष व्यक्तिलाई स्रोतव्यक्तिमा नियुक्ति गर्न सके धेरै हदसम्म स्रोतकेन्द्र स्तरीय शैक्षिक सुपरिवेक्षणका समस्याहरू निराकरण हुने प्रधानाध्यापकहरूको सुझाव रहेको छ ।

यसै सन्दर्भमा शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका उपायहरूका सम्बन्धमा श्री अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवाका प्र.अ. ईश्वर प्रसाद पोखरेललाई सोध्दा उहाँ भन्नुहुन्छ -

स्रोतव्यक्तिलाई तथ्याङ्क सङ्कलन, सूचना आदान प्रदान, तालिम, गोष्ठी आदि जस्ता कार्यमा लगाउनु हुँदैन र विद्यालयको शैक्षिक गुणस्तर उकास्न शैक्षिक सुपरिवेक्षणमा बढी समय दिएर शिक्षकहरूको पेसागत सीप, ज्ञान, अनुभव, आदान प्रदान हुने खालका कार्यमा स्रोतव्यक्तिले ध्यान दिनुपर्छ । त्यसका लागि प्र.अ., शिक्षकहरू, वि.व्यस.का पदाधिकारीहरूसित संयुक्त रूपमा छलफल गरी निर्णयमा पुग्नुपर्छ । अनि मात्र स्रोतव्यक्तिबाट प्रभावकारी शैक्षिक सुपरिवेक्षण हुन सक्छ । स्रोतव्यक्तिको छनोट गर्दा योग्य, दक्ष, तालिमप्राप्त, शिक्षकहरूबाटै अनुभवी स्थायी मा.वि.शिक्षकलाई सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति बनाउनु पर्छ । जसले शैक्षिक सुपरिवेक्षणमा प्रभावकारी भूमिका खेल्न सक्छ ।

### ४.४.३ वि.व्य.स.अध्यक्षहरूबाट प्राप्त उपायहरू

छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग अनुसूची ३ अनुसारका खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा स्रोतकेन्द्रका शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्न स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षणलाई

आवश्यकता अनुसार बढाउनु पर्ने साथै नियमित समेत गर्नुपर्ने उपाय सुझाइएको छ। उनीहरूले स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणका क्रममा वि.व्य.स.का पदाधिकारीहरूसँग भेटघाट गरी विद्यालयका समस्याहरूमा छलफल गर्ने र निराकरण गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्ने विचार व्यक्त गरेका छन्। स्रोतव्यक्ति आफ्नो काम, कर्तव्य, अधिकार र उत्तरदायित्वप्रति कर्तव्यनिष्ठ हुनुपर्ने, इमानदारीपूर्वक कर्तव्य पालना गर्ने स्रोतव्यक्तिलाई प्रोत्साहित गर्ने र कर्तव्यप्रति विमुख हुनेलाई दण्डको व्यवस्था हुनेपर्ने उपाय वि.व्य.स.अध्यक्षहरूबाट व्यक्त भएको छ। स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण गरे नगरेको उपल्लो निकायबाट अनुगमन हुनुपर्ने, विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई शिक्षक दरबन्दी र विद्यालय भवन उपलब्ध गराउन स्रोतव्यक्तिले भूमिका खेल्नुपर्ने वि.व्य.स. अध्यक्षबाट उपायका रूपमा विचार व्यक्त भएको छ।

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका उपायहरूका सम्बन्धमा श्री चपडाही नि.मा.वि.भुटाहाका वि.व्य.स.अध्यक्ष श्री डोमी मण्डललाई सोध्दा उहाँ भन्नुहुन्छ -

शिक्षकहरू कुनै पनि राजनीतिक दलको सदस्य बन्नु हुँदैन र स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणका क्रममा दिएका सुझाव, सल्लाहलाई अक्षरशः पालना गरी शैक्षिक स्तर माथि उठाउन शिक्षक पेसागत रूपमा दक्ष, योग्य, विषयवस्तुको ज्ञाता हुनु पर्दछ र शिक्षक अध्ययनशील हुनुपर्दछ। आफ्नो विषयवस्तुमा राम्रो नतिजा विद्यालयमा विद्यार्थीहरूलाई ल्याउन सफल गराउने शिक्षकलाई प्रोत्साहन नगर्ने शिक्षकलाई दण्ड, सजाय गर्नुपर्छ। स्रोतव्यक्तिबाट समय समयमा कक्षा अवलोकन गरी पाइएका कमी कमजोरी सुधारमा शिक्षकलाई सल्लाह, सुझाव, परामर्श दिनु पर्दछ।

### ४.४.४ स्रोतव्यक्तिबाट प्राप्त उपायहरू

स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षणका समस्याहरूलाई समाधान गर्ने उपायहरू के-के हुन सक्छन् भनी सो सम्बन्धमा सुनसरी जिल्लाका १२ वटा स्रोतकेन्द्रमध्ये छनोटमा परेका ३ वटा स्रोतकेन्द्र अन्तर्गतका स्रोतव्यक्तिहरूलाई अनुसूची ४ अनुसारका खुल्ला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा प्राप्त समाधानका उपायहरूमा एक स्रोतव्यक्तिले सजिलै शैक्षिक सुपरिवेक्षण गर्न सक्ने गरी वैज्ञानिक सोचका आधारमा स्रोतकेन्द्र अन्तर्गतका विद्यालय सङ्ख्या उचित मात्रामा र भौगोलिक क्षेत्र समेत सोही बमोजिम निर्धारण गरिनुपर्छ भन्ने उपाय सुझावका रूपमा स्रोतव्यक्तिहरूबाट प्राप्त भएको छ। शैक्षिक सुपरिवेक्षण सम्बन्धी आधुनिक सीप र प्रविधिका पुनर्ताजगीका तालिमहरू जि.शि.का.बाट नियमित रूपमा स्रोतव्यक्तिहरूलाई दिनुपर्ने, स्रोतकेन्द्रमा स्रोत साधन बढाउनु पर्ने, सरोकारवालाहरू बीच अन्तरक्रिया हुनुपर्ने, तथ्याङ्क सङ्कलन र

प्रशासनिक बोझलाई हटाउन थप कर्मचारीको व्यवस्था गर्नुपर्ने, भ्रमणभत्ता समयानुकूल बृद्धि गर्नुपर्ने, स्रोतव्यक्तिका काम कारवाहीमा राजनीतिक हस्तक्षेप हुन नहुने, विद्यालयहरूले स्रोतव्यक्तिले दिएका सुझाव, सल्लाहलाई पूर्ण रूपले पालना गर्नुपर्ने, अनुगमन र कक्षा सुपरिवेक्षणमा सम्बन्धित सबै पक्षहरूको जागरुकता र सक्रियता बढ्नु पर्ने, स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण पश्चात् पेस गरेको प्रतिवेदन उपर जि.शि.का.बाट सुनुवाई हुनुपर्ने, राम्रो काम गर्ने स्रोतव्यक्तिलाई उचित मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यवस्था हुनुपर्ने र स्थानीय स्तरबाट शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई आवश्यक सहयोग प्राप्त हुनुपर्ने जस्ता उपायहरू पनि स्रोतव्यक्तिहरूबाट उल्लेख भएको छ ।

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका उपायहरूका सम्बन्धमा श्री भादगाउँ सिनुवारी स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री युवराज प्रसाईंलाई सोध्दा उहाँ भन्नुहुन्छ -

स्रोतव्यक्तिलाई शैक्षिक सुपरिवेक्षण सम्बन्धी आधुनिक प्रविधि र सीप समेट्ने खालको पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्छ । स्रोतव्यक्तिलाई भ्रमण भत्ता सवारी साधन उपलब्ध गराउनु पर्छ । स्रोतव्यक्तिले दिएका सल्लाह, सुझाव प्र.अ. र शिक्षकहरू तथा वि.व्य.स.का पदाधिकारीहरूले समेत कार्यान्वयन गर्नुपर्छ । सरोकारवालाहरूबीच अन्तर्क्रिया आवश्यक  छ । विद्यालयहरूमा शैक्षिक योजनाहरू निर्माण गर्न आवश्यक  छ । राम्रा विद्यालयलाई अनुगमन र सुपरिवेक्षणका आधारमा जि.शि.का.बाट प्रोत्साहन प्रमाण-पत्र, पुरस्कारको व्यवस्था गर्नु आवश्यक छ । जि.शि.का.बाट पनि स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणका क्रममा भोगेका समस्याहरू समाधान गर्न सहयोग गर्नुपर्छ । अनि मात्र शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिले प्रभावकारी भूमिका खेल्न सक्छन् र शैक्षिक गुणस्तर माथि उठ्न सक्छ ।

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका शोध शीर्षक राखिएको यस अध्ययनमा स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणको अवस्था, शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका, यस कार्यमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण, शैक्षिक सुपरिवेक्षणका समस्या र समाधानका उपायहरू पहिचान गरी सुझाउने प्रमुख उद्देश्य राखेर शोध अध्ययन अघि बढाउने क्रममा सुनसरी जिल्लाको १२ वटा स्रोतकेन्द्र मध्ये ३ वटा स्रोतकेन्द्र भा.सि. स्रोतकेन्द्र, बलाहा स्रोतकेन्द्र र भुटाहा स्रोतकेन्द्रका १०६ वटा सामुदायिक विद्यालयहरू मध्ये ६ वटा सामुदायिक विद्यालयहरूलाई छनोट गरिएको छ । उद्देश्यहरू पूरा गर्नका लागि सम्बन्धित विद्यालयका शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.अध्यक्षहरू र

स्रोतव्यक्तिहरूसँग प्रश्नोत्तर, छलफल साथै विद्यालय र स्रोतकेन्द्रका अभिलेखबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणका आधारमा विभिन्न तथ्यहरू प्राप्त भएका छन् ।

छनोटमा परेका स्रोतकेन्द्रको शैक्षिक सुपरिवेक्षण अवस्थाको विश्लेषण गर्दा मासिक रूपमा स्रोतव्यक्तिबाट विद्यालयको १० पटक सुपरिवेक्षण हुनुपर्ने किटानी भएको पाइन्छ । फलतः स्रोतव्यक्तिले विद्यालयको शैक्षिक सुपरिवेक्षण न्यून मात्रामा मात्र गरेको पाइएको छ । कतिपय विद्यालयमा वर्षमा एक पटक समेत सुपरिवेक्षण नभएकाले शैक्षिक सुपरिवेक्षण नियमित भएको छैन । स्रोतव्यक्तिबाट शैक्षिक सुपरिवेक्षण भए/नभएको जि.शि.का.बाट अनुगमन गर्ने प्रावधान नरहेकाले स्रोतकेन्द्र स्तरीय शैक्षिक सुपरिवेक्षण स्रोतव्यक्तिमा निर्भर रहेकाले समग्रमा शैक्षिक सुपरिवेक्षणको अवस्था स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ बमोजिम भएको पाइएन ।

यस अध्ययनको प्राप्तिमा स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणका क्रममा विभिन्न विद्यालयमा जाँदा तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा जोड दिएको पाइएको छ । शिक्षक र प्र.अ.का पेसागत समस्यालाई प्राथमिकताका साथ छलफलको विषय बनाई सहयोग प्रदान गर्ने कार्य ओझेलमा परेको पाइयो । स्रोतव्यक्तिमा दक्षता र इमानदारिताको कमीका कारण योजनाबद्ध तरिकाबाट र आधुनिक प्रविधिलाई अपनाई शैक्षिक सुपरिवेक्षण गरेको पाइएन । शैक्षिक सुपरिवेक्षण परम्परागत ढङ्गबाट नै भएको पाइएको छ । स्रोतव्यक्तिलाई यसका लागि समय अनुकूल पुनर्ताजगी तालिम प्रदान गर्ने कार्य नभएको पाइएको छ । अन्ततः जे जति सुपरिवेक्षण भएका छन् प्रभावकारी र मार्गदर्शक बन्न सकेको छैन ।

शिक्षकहरूमा राजनीति हावी भएको, विषयवस्तुप्रति न्यून ज्ञान रहेको, स्रोतकेन्द्रमा एक जना स्रोतव्यक्तिले सजिलै शैक्षिक सुपरिवेक्षण गर्न सक्ने गरी विद्यालय सङ्ख्या र भौगोलिक क्षेत्र समेटिएको छैन । शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकामा विद्यालय, प्र.अ. र शिक्षकका समस्याहरू पहिचान गरी कक्षा शिक्षणमा सुधार ल्याउन सहयोग गर्ने गरेको पाइएन । शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरूमा विशेष गरेर शिक्षकहरू विभिन्न राजनीतिक पार्टीहरूको कार्यकर्ता बनेर विद्यालयमा इमानदारीपूर्वक उपस्थित भएर शैक्षिक वातावरण वृद्धि गर्ने र आफ्नो पेसागत ज्ञान, सीप, अनुभव बढाउने कार्यमा न्यून मात्रामा संलग्न भएको पाइयो । यस अध्ययनका क्रममा स्रोतव्यक्तिहरूको तथ्याङ्क सङ्कलन, सूचना आदान प्रदान, तालिम, गोष्ठी आदिमा सहभागी हुनुपर्ने कार्यव्यस्तताका कारण विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा पूर्ण रूपमा समय दिन नसक्नु र शिक्षकहरूको विषयवस्तुप्रति न्यून ज्ञान, तालिम अप्राप्तका कारण साथै शैक्षणिक कार्य

गर्दा विभिन्न शैक्षणिक योजना बनाएर पूर्ण तयारी भएर कक्षा शिक्षणमा नजानु आदि कारणहरूले शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकामा कमी रहेको पाइयो ।

एक स्रोतव्यक्तिले के कति सङ्ख्यामा विद्यालयको उचित सुपरिवेक्षण गर्न सक्छन् भन्ने वैज्ञानिक सोच र निर्णयको अभाव भएको पाइएको छ । स्रोतव्यक्तिलाई विद्यालयको शैक्षिक सुपरिवेक्षण पश्चात् यथार्थ स्थिति देखिने प्रतिवेदन तयार गर्न लगाउने अनिवार्य व्यवस्था रहेको छैन । राजनीतिक प्रभावका कारण स्रोतव्यक्तिले सुपरिवेक्षण पश्चात् वास्तविक स्थितिलाई चित्रण गर्ने प्रतिवेदन पेस गर्न सकेको देखिएन । कुनै स्रोतव्यक्तिले प्रतिवेदन बुझाए पनि त्यसलाई जि.शि.का.ले निर्णयको आधार बनाएको पाइएन । स्रोतव्यक्तिले दिएका सुझाव, सल्लाहलाई विद्यालयहरूले थोरै मात्रामा मात्र कार्यान्वयन गरेको पाइएको छ । गैर जिम्मेवार विद्यालयलाई स्रोतव्यक्तिले कारवाही गर्न सक्ने अवस्था पनि रहेको छैन ।

स्रोतव्यक्ति शैक्षिक सुपरिवेक्षणका समयमा विद्यालयमा पुग्दा प्र.अ.हरूसँग मात्र निकट सम्बन्ध राख्ने हुनाले शिक्षक र वि.व्य.स.का पदाधिकारीहरूसँग चिनजान समेत नभएको पाइएको छ । यसले सम्बन्धित व्यक्तिका समस्याहरू खुलस्त राख्न सक्ने वातावरण बन्न नसक्ने अवस्था रहेको छ । सुपरिवेक्षणको जिम्मेवारी पाएका स्थानीय वि.व्य.स.का पदाधिकारी र प्र.अ.हरूसँग समन्वयात्मक रूपले शैक्षिक सुपरिवेक्षण अघि बढाउन सकेको देखिएन । स्रोतव्यक्तिले समेत शिक्षा ऐन र नियमावलीले दिएका काम, कर्तव्य र अधिकारलाई अक्षरशः कार्यान्वयन गर्न सकेको देखिएन । शैक्षिक सुपरिवेक्षणका क्रममा विभिन्न विद्यालयमा आवत जावतका लागि भ्रमणभत्ता भने न्यून रहेको छ । थप कर्मचारीहरूको व्यवस्था नभएको आदि समस्याहरू पाइयो । समाधानका उपायहरूमा उपल्लो निकायहरूबाट स्रोतव्यक्तिले गरेको कामको उचित मूल्याङ्कन गरी राम्रो काम गर्नेलाई हौसला बढाउन पुरस्कारको व्यवस्था गर्ने र गैर जिम्मेवारलाई दण्डको व्यवस्था गर्नुपर्ने, थप कर्मचारीको व्यवस्था गर्नुपर्ने, साधन स्रोतलाई वृद्धि गर्नुपर्ने, स्रोतव्यक्तिलाई क्रियाशील बनाउनु पर्ने, स्थानीय स्तरमा शैक्षिक सुपरिवेक्षणको अवधारणालाई प्रष्ट पारिनुपर्ने, यसका लागि विद्यालयमा व्यापक छलफल, तालिम, गोष्ठी कार्यक्रम सञ्चालन गरिनुपर्ने, स्रोतव्यक्तिले प्र.अ.हरू र वि.व्य.स.का अध्यक्षहरूसित मात्र भेटघाट, छलफल नगरी शिक्षकहरूसित विषयवस्तुका बारेमा छलफल, अन्तर्क्रिया गर्न सकेमा शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्न सकिन्छ ।

## परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरू

शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकाको अवस्था पत्ता लगाउने, शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका खोजी गर्ने, स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण गर्ने र सो सम्बन्धी समस्या पहिचान गरी समाधान गर्ने मुख्य उद्देश्य राखेर सुनसरी जिल्लाको १२ वटा स्रोतकेन्द्रहरूमध्ये भा.सि., बलाहा र भुटाहा स्रोतकेन्द्रका ६ वटा सामुदायिक विद्यालयहरू छनोट गरी अध्ययनको क्षेत्र बनाइएको छ ।

### ५.१ निष्कर्ष

शोध अध्ययनका उद्देश्यहरू परिपूर्ति गर्ने क्रममा खोज अनुसन्धानका क्रममा प्राप्त भएका जवाफ, तथ्याङ्क, विभिन्न सिद्धान्त, लेख, रचनाका आधारमा विभिन्न निष्कर्षहरू ठम्याइएको छ ।

शैक्षिक सुपरिवेक्षणका जिम्मेवारी पाएका व्यक्तिहरूमध्ये स्रोतव्यक्ति पनि एक मुख्य व्यक्ति भएको तर स्रोतव्यक्तिबाट भएको शैक्षिक सुपरिवेक्षण आवश्यकता भन्दा न्यून पटक हुने गरेको छ । शैक्षिक सुपरिवेक्षण नियमित समेत हुन सकेको छैन । स्रोतव्यक्तिबाट मासिक रूपमा तोकिएका विद्यालयको १० पटक सुपरिवेक्षण हुनुपर्ने र २ वटा नमुना पाठ प्रदर्शन गर्नुपर्ने व्यवस्था स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ मा रहेको छ । सोही अनुसार कार्य भए नभएको जि.शि.का. र अन्य निकायबाट अनुगमन गर्ने परिपाटी नभएकाले स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षण स्वेच्छिक बन्न पुगेको छ । सुपरिवेक्षण हुनुपर्ने मात्रामा नभएर कम भएको पाइयो ।

शैक्षिक सुपरिवेक्षणका क्रममा स्रोतव्यक्तिबाट विद्यालयमा तथ्याङ्क सङ्कलन सूचना आदान प्रदान गर्ने कार्यहरू भएका छन् । तथ्याङ्क सङ्कलन र सूचना आदान प्रदान राम्रो भएता पनि सुपरिवेक्षण औपचारिकतामा सीमित भएको छ । जे जति सुपरिवेक्षण भएका छन् परम्परागत ढङ्गबाट भएका छन् । जसमा आधुनिक प्रविधि र योजनाबद्ध तरिका कम मात्र अपनाइएको पाइयो । स्रोतव्यक्तिलाई समयानुकूल पुनर्ताजगी तालिमको व्यवस्था नभएकाले समेत यस्तो स्थिति सिर्जना भएको हो । अर्कोतर्फ विद्यालयमा गरिने शैक्षिक सुपरिवेक्षणका लागि स्रोतकेन्द्रमा स्रोत साधनको अभाव हुनु, स्रोतव्यक्तिलाई भ्रमण भत्ता न्यून हुनु तथा स्रोतकेन्द्रको भौगोलिक क्षेत्र र विद्यालय सङ्ख्या अधिक हुनुले पनि शैक्षिक सुपरिवेक्षण कार्यलाई प्रभाव पारेको देखिन्छ ।

स्रोतव्यक्तिले विद्यालयको सुपरिवेक्षण गरेपश्चात् जि.शि.का.मा प्रतिवेदन अनिवार्य बुझाउनु पर्ने प्रावधान रहेको छैन । राजनीतिक प्रभावका कारण स्रोतव्यक्तिले विद्यालयको वास्तविक स्थिति

झल्कने प्रतिवेदन दिनसक्ने अवस्था रहेको छैन । उक्त प्रतिवेदनका आधारमा जि.शि.का.बाट निर्णय गर्ने गरिएको पनि छैन । स्रोतव्यक्तिले दिएका सुझाव सल्लाह विद्यालयहरूमा पूर्ण रूपमा पालना नगरी गैर जिम्मेवार भएमा कारवाही गर्ने स्थिति पनि नरहेको अवस्था छ ।

स्रोतव्यक्तिबाट शिक्षा नियमावलीले दिएको काम, कर्तव्य र अधिकारहरूको कम मात्र पालना हुने गरेको छ । स्रोतव्यक्तिलाई आफ्नो कार्य प्रति अभिप्रेरणा प्रदान गर्नुपर्ने व्यवस्था नहुनुले कर्तव्यनिष्ठताप्रति निराशा बढाएको छ । स्थानीय स्तरमा शैक्षिक सुपरिवेक्षणका लागि कम मात्र सहयोग प्राप्त भएको छ । अधिकांश विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी नहुनुले प्रधानाध्यापकहरू विद्यालयको पठन पाठनमा नै व्यस्त रहनु पर्ने भएकाले शैक्षिक सुपरिवेक्षणमा सहयोग प्राप्त हुन नसक्दा कम मात्र शैक्षिक सुपरिवेक्षण हुने गरेको देखिन्छ ।

स्रोतव्यक्ति स्रोतकेन्द्रमा नै नबस्नु साथै विद्यालयका प्र.अ.हरूसँग मात्र निकट सम्बन्ध कायम गर्ने तर शिक्षकहरू, वि.व्य.स.का पदाधिकारीहरूसँग चिनजान समेत नहुनुले शैक्षिक समस्याहरू खुलस्त रूपले राख्न सक्ने र छलफल गरी निराकरण गर्ने वातावरणको कमी रहेको पाइयो । सुपरिवेक्षणका जिम्मेवार निकायहरू गाउँ/नगर शिक्षा समिति गठन नै नहुनु, वि.व्य.स.पदाधिकारी, प्र.अ., स्रोतव्यक्ति र वि.नि.बीच समन्वय कम हुनाले शैक्षिक सुपरिवेक्षणको मात्रामा कमी भएको पाइयो ।

अध्ययनका क्रममा स्रोतव्यक्तिले शिक्षा ऐन नियमावली र स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ ले दिएको निर्देशन अनुसारका कामहरूमा प्रत्येक महिना प्र.अ.को बैठकमा विद्यालयका समस्याहरू केलाउने र उपायहरू पत्ता लगाउने, स्थानीय तहबाट पूरा हुन नसकेका कुराहरू जिल्ला तहबाट पूरा गराउने, नियमित रूपमा टि.पि.डि. तालिमहरू सञ्चालन गर्नु गरेको, शिक्षकहरूमा दैनिक पाठनोटको अभियान शुरु गरेको, प्र.अ. मार्फत् टि.आइ.पी. कार्यक्रम सञ्चालन गरेको, आवश्यकता अनुसार विद्यालयहरूको अनुगमन गरेको, अनुगमनबाट प्राप्त यथार्थलाई सल्लाह, सुझाव, पृष्ठपोषण प्रदान गरेको, शिक्षकको पेसागत समस्यामा सहयोग पुऱ्याएको, विद्यालय व्यवस्थापन समिति गठनमा सहयोग गरेको, गठन नभएका विद्यालयमा गठनका लागि निरन्तर रूपले पहल जारी राखेको, विद्यालयमा पठनपाठन, परीक्षा लगायत विद्यालयका अन्य आवश्यक कार्यमा सहयोग गरेको, जिल्लाको निर्देशन अनुसार विभिन्न फारमहरू नियमित भर्दै आएको जस्ता विद्यालयका कार्यहरूमा स्रोतव्यक्तिबाट सहयोग कार्य भएको पाइयो ।

## ५.२ सुझावहरू

प्रस्तुत शोध अध्ययनका आधारमा शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकालाई प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ -

### ५.२.१ नीतिगत तहका लागि सुझाव

प्रत्येक विद्यालयमा मासिक वा वार्षिक रूपमा स्रोतव्यक्तिबाट यति पटक शैक्षिक सुपरिवेक्षण गर्नुपर्ने किटान हुनुपर्ने देखिन्छ । स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण तोकिएको समयमा अनिवार्य र नियमित गरिनु पर्दछ । स्रोतकेन्द्रमा अन्य थप कर्मचारीको व्यवस्था गरी स्रोतव्यक्तिलाई तथ्याङ्क सङ्कलन भन्दा पनि शैक्षिक सुपरिवेक्षणमा बढी जिम्मेवारी दिने वातावरण नीतिगत रूपमा नै व्यवस्था गरिनुपर्दछ । स्रोतव्यक्तिको छनोट र नियुक्ति सक्षम, योग्य व्यक्तिबाट गरिनु पर्दछ र स्रोतव्यक्तिलाई समयानुकूल, पुनर्ताजगी तालिमको व्यवस्था गर्नु पर्दछ । एकजना स्रोतव्यक्तिको पहुँचका आधारमा स्रोतव्यक्तिले सुपरिवेक्षण गर्ने विद्यालय सङ्ख्या र भौगोलिक क्षेत्र निर्धारण गर्नु पर्दछ । स्रोतव्यक्तिलाई सुपरिवेक्षणका क्रममा विद्यालयहरूमा आवत जावत गर्दा उचित भ्रमण भत्ता र सवारी साधनको व्यवस्था मिलाउनु पर्दछ । स्रोतव्यक्तिको काम कारवाहीमा राजनीतिक हस्तक्षेप हटाउनु पर्दछ । स्रोतव्यक्तिले दिएका सुझावहरूलाई समयमा सजग गराउँदा कार्यान्वयन नगर्ने गैर जिम्मेवार हुने विद्यालयलाई कार्यवाही गर्न सक्ने गरी अधिकार प्रदान गर्नुपर्दछ ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

स्रोतव्यक्तिबाट हुने गरेका शैक्षिक सुपरिवेक्षण के कसरी भइरहेको छ भनी जि.शि.का.बाट अनुगमन गर्नु पर्दछ । स्रोतव्यक्तिबाट भएको शैक्षिक सुपरिवेक्षणको अनुगमन पश्चात् राम्रो शैक्षिक सुपरिवेक्षण गर्ने स्रोतव्यक्तिलाई पुरस्कार र गैरजिम्मेवार स्रोतव्यक्तिलाई दण्डको व्यवस्था मिलाउनु पर्दछ । शैक्षिक सुपरिवेक्षण आधुनिक प्रविधि र योजनाबद्ध तरिकाबाट गरिनु पर्दछ । आवश्यक परेका समयमा तुरुन्त प्राप्त गर्न सक्ने गरी स्रोतव्यक्ति स्रोतकेन्द्रमा नै बस्ने व्यवस्था मिलाउनु पर्दछ । स्रोतव्यक्तिबाट विद्यालयको शैक्षिक सुपरिवेक्षण पश्चात् वास्तविकता प्रष्टिने प्रतिवेदन जि.शि.का.मा बुझाउने र उक्त प्रतिवेदनलाई जि.शि.का.ले गर्ने विभिन्न निर्णयका आधारमा बनाउनु पर्दछ । स्रोतव्यक्तिले दिएका सल्लाह, सुझाव र परामर्शलाई विद्यालयका प्र.अ. शिक्षकहरूले पूर्ण रूपले पालना गर्नु पर्दछ । स्रोतव्यक्तिले प्र.अ., शिक्षक र वि.व्य.स.का पदाधिकारीहरू सबैसँग निकट सम्बन्ध स्थापित गरी कुनै पनि समस्यालाई खुलस्त राख्न सक्ने वातावरण तयार गर्नु पर्दछ ।

अध्ययनबाट प्राप्त सुझावहरूलाई सम्बन्धित सरोकारवालाहरूबाट कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

स्थानीय स्तरमा शैक्षिक सुपरिवेक्षणको वास्तविकतालाई बुझाउन र उक्त कार्यमा स्रोतव्यक्तिलाई सहयोग गर्न स्थानीय स्तरका सरोकारवालाबीच व्यापक छलफल कार्यक्रम सञ्चालन गरिनु पर्दछ । शैक्षिक सुपरिवेक्षणका सम्बद्ध पक्षहरू प्र.अ., वि.व्य.स.का पदाधिकारी, स्रोतव्यक्ति, विद्यालय निरीक्षक साथै जिल्ला शिक्षा अधिकारीबीच अधिकार विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात गर्दै शैक्षिक सुपरिवेक्षणलाई समन्वय गरेर प्रभावकारी रूपले अघि बढाउन व्यापक छलफल गरिनु पर्दछ । अध्ययनका सिलसिलामा छनोटमा परेका ३ वटा स्रोतकेन्द्रका ३ जना स्रोतव्यक्तिहरू, उच्च मा.वि., मा.वि., नि.मा.वि. र प्रा.वि. गरी ६ वटा विद्यालयका ६ जना शिक्षकहरू, ६ जना प्र.अ.हरू, ६ जना वि.व्य.स.का अध्यक्षहरू यस अध्ययनको नमुनाको आकार लिएर अध्ययनको परिसीमा निर्धारण गरिएको छ ।

आउँदा दिनहरूमा शैक्षिक सुपरिवेक्षणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिले अध्ययनको परिसीमालाई बढाएर क्षेत्रिय शिक्षा निर्देशनालय, शिक्षा मन्त्रालयका प्रतिनिधिहरूलाई शैक्षिक सुपरिवेक्षणका समस्याहरू हटाउन र स्थानीय स्तर र माथिल्लो स्तरका राजनीतिक दलका प्रतिनिधिहरूलाई राखेर शैक्षिक क्षेत्रमा हुने राजनीतिक प्रभावलाई हटाउन अन्तर्क्रिया गर्नु पर्दछ र सहरी र दुर्गम क्षेत्रमा रहेका स्रोतकेन्द्रहरूले गर्ने गरेको शैक्षिक सुपरिवेक्षणको स्थितिको तुलना गरी सबल र दुर्बल पक्षहरू उजागर गर्न आवश्यकताका साथ विभिन्न अनुसन्धानका उपायहरू अपनाएर यस अध्ययनलाई अझ व्यापक र विस्तृत रूपमा गर्न सकिन्छ । यस सँग सम्बन्धित विषयलाई अझ परिस्कृत रूपमा अध्ययन अनुसन्धान गर्नका लागि विभिन्न थप विषयहरूमा अध्ययन गर्न सकिन्छ । जुन निम्न अनुसार रहेका छन् -

- विद्यालयको शैक्षिक गतिविधिमा स्रोतव्यक्तिको भूमिका
- शिक्षकको पेसागत क्षमता विकासमा स्रोतव्यक्तिको भूमिका
- स्रोतव्यक्ति विद्यालय सुधारक
- विद्यालयको मार्गदर्शकका रूपमा स्रोतव्यक्ति

**सन्दर्भसामग्रीहरू**

काफ्ले, वासुदेव, चन्द्र बहादुर श्रेष्ठ र रामस्वरुप सिंहा (२०६७), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव र साथीहरू (२०६७), *शैक्षिक योजना,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गाना, पदमप्रसाद (२०५९), *स्रोतकेन्द्र विकास निर्देशिका,* भक्तपुर : शिक्षा विभाग, तालिम तथा निरीक्षण शाखा ।

थापा, रामविक्रम (२०७१ भदौ), *शिक्षक मासिक (स्रोतव्यक्ति : न फुर्सद, न जस* ! पृ. १२), ललितपुर : ज्ञान-विज्ञान सहकारी संस्था लिमिटेड ।

नेपाल सरकार *शिक्षा ऐन (२०२८), शिक्षा नियमावली (२०५९), आठौं संशोधन ( २०६१), छैठौं संशोधन (२०६७),* काठमाडौं : मकालु प्रशासन गृह ।

नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र (२०७०), *स्रोतव्यक्तिका लागि सेवाकालीन क्षमता विकास तालिम,* सानोठिमी, भक्तपुर ।

पण्डित, दिनानाथ (२०५४), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, लालप्रसाद (२०६२), *माध्यमिक विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता,* ( अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुर, काठमाडौं ।

लम्साल, हरिप्रसाद (२०६२), *समकालिन शैक्षिक चुनौती र भावी दिशा,* काठमाडौं : सोपान प्रकाशन ।

*स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका (२०६८),* काठमाडौं : शिक्षा विभाग ।

शर्मा, चिरञ्जीवी (२०६२), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिसर्स ।

शाही, भुपेन्द्र (२०६३), *विद्यालय सुपरिवेक्षणको स्थिति,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुर, काठमाडौं ।

सिंह, नागेश्वर (२०६७), *शिक्षाको परिचय,* काठमाडौं : पैरवी प्रकाशन ।

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## अनुसूची-१

## विद्यालय सर्वेक्षण फारम

| क्र. | विद्यालयको नाम | स्रोतव्यक्तिबाट सुपरिवेक्षण भएको साल र पटक | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सं. | | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

*अनुसूची-२*

### प्रधानाध्यापक तथा शिक्षकहरूका लागि प्रश्नावली

नाम ठेगाना पद

१. स्रोतव्यक्तिले गर्नु पर्ने प्रमुख सहयोगी काम के हो ?

क) सुपरिवेक्षण☐ ख) निरीक्षण☐

ग) निर्देशन☐ घ) अवलोकन☐

२. तपाईंको विद्यालयमा शैक्षिक सुपरिवेक्षणको निरन्तरता कस्तो छ ?

क) छ☐ ख) छैन☐

३. तपाईंको विद्यालयमा अघिल्लो वर्ष स्रोतव्यक्तिबाट कति पटक सुपरिवेक्षण भएको थियो ?

क) एक पटक☐ ख) दुई पटक☐

ग) तीन पटक☐ घ) धेरै पटक☐

४. स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षण गर्दा प्रभाव पार्ने प्रमुख कारक तत्व के के हो ?

क) नीति र नियमको अभाव☐ ख) अधिक विद्यालय संख्या☐

ग) स्रोत साधनको अभाव☐ घ) उत्तरदायित्व बोधको कमी☐

५. स्रोतव्यक्तिले भोगेको मुख्य व्यवधान के ठान्नुहुन्छ ?

क) अधिक विद्यालय संख्या☐ ख) स्रोतव्यक्तिको सक्रियताको कमी☐

ग) कार्यान्वयको अभाव☐ घ) अन्य

६. स्रोतव्यक्तिबाट कस्तो भूमिकाको अपेक्षा राख्नुहुन्छ ?

क) घनिष्ट☐ ख) सहयोगी☐

ग) सुधारक☐ घ) मिलनसार☐

७. तपाईंलाई स्रोतव्यक्तिबाट मुख्य रुपमा कस्तो सहयोग प्राप्त भएको छ ?

क) शिक्षण सिकाइ सीप☐ ख) शिक्षण सामाग्री निर्माण सीप☐

ग) शैक्षिक समस्या समाधान गर्ने सीप☐ घ) अन्य

८. शैक्षिक सुपरिवेक्षणका क्रममा स्रोतव्यक्तिको भूमिका के कस्तो रहेको छ ?

क) विद्यालयका समस्याहरू पत्ता लगाउने ☐

ख) प्र.अ. तथा शिक्षकका कमी कमजोरी पहिल्याई समाधानमा सहयोग गर्ने ☐

ग) कक्षा शिक्षणमा सुधार ल्याउने ☐

घ) विद्यालयका समस्यालाई समाधानमा सहयोग गर्ने ☐

९. शैक्षिक सुपरिवेक्षणका क्रममा स्रोतव्यक्ति/विद्यालय निरीक्षकले दिएका सुझावहरू कतिको कार्यान्वयन गर्नुभएको छ ?

क) ० देखि २५ प्रतिशत☐ ख) २५ देखि ५० प्रतिशत☐

ग) ५० देखि ७५ प्रतिशत☐ घ) ७५ देखि १०० प्रतिशत☐

१०. स्रोतव्यक्तिबाट हुने गरेको सुपरिवेक्षणलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

......................................................................................................

......................................................................................................

११. स्रोतव्यक्तिबाट हुने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने तत्वहरू के के हुन् ?

......................................................................................................

......................................................................................................

१२. स्रोतव्यक्तिको शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरू निराकरण गर्ने उपायहरू के के हुन सक्छन् ?

......................................................................................................

......................................................................................................

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## अनुसूची-३

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि प्रश्नावली

*नाम* *ठेगाना* *पद*

१. शैक्षिक सुपरिवेक्षण किन आवश्यक छ ?

क) शैक्षिक समस्या पत्ता लगाउन☐ ख) शिक्षकको त्रुटि केलाउन☐

ग) प्र.अ.को दोष पत्ता लगाउन☐ घ) शिक्षकलाई पेशागत सहयोग गर्न☐

२. तपाईंको विद्यालयमा स्रोतव्यक्तिबाट वर्षमा कतिपटक सुपरिवेक्षण हुने गरेको छ ?

क) एकपटक☐ ख) दुई पटक☐

ग) तीन पटक☐ घ) भएकै छैन☐

३. स्रोतव्यक्तिले सुपरिवेक्षण गर्दा के गर्नुहुन्छ ?

क) समस्या देखाउनु हुन्छ☐ ख) समस्या समाधानमा सहयोग गर्नुहुन्छ

ग) निर्देन मात्र दिनुहुन्छ☐ घ) केही नगरी जानुहुन्छ ☐

४. तपाईं आफ्नो विद्यालयको सुपरिवेक्षण कति मात्रामा गर्नुहुन्छ ?

क) सधैं ☐ ख) कहिलेकाहीं ☐

ग) निरन्तर☐ घ) आवश्यकता परेमा☐

५. शैक्षिक सुपरिवेक्षणको मुख्य समस्या के हो ?

क) स्रोतसाधनको अभाव☐ ख) अधिक विद्यालय संख्या☐

ग) भौगोलिक कठिनाई☐ घ) इच्छा शक्तिको कमी☐

६. स्रोतव्यक्तिका काम कारवाहीलाई प्रभाव पार्ने मुख्य कारक तत्व के बुझ्नुहुन्छ?

क) क्षमताको अभाव☐ ख) न्यून सेवा सुविधा☐

ग) अधिकारको कमी☐ घ) राजनीतिक हस्तक्षेप☐

७. शैक्षिक सुपरिवेक्षणको समस्या समाधानको मुख्य उपाय के हुन सक्छ ?

क) कडा नियम☐ ख) अधिकार सम्पन्न स्रोतव्यक्ति☐

ग) योग्य, इमान्दार र लगनशील स्रोतव्यक्ति☐ घ) सेवा सुविधामा वृद्धि☐

८. स्रोतव्यक्तिले सुपरिवेक्षण गर्दा कस्तो अपेक्षा राख्नुहुन्छ ?

क) शिक्षकको नियमितता☐ ख) शिक्षण सिकाइमा सुधार☐

ग) अनुदानका लागि सिफारिस☐ घ) अन्य

९. स्रोतकेन्द्रमा स्रोतव्यक्तिबाट हुने बैठकमा तपाईंको उपस्थिति कतिको हुने गर्दछ?

क) प्रत्येक पटक☐ ख) कहिलेकाहीं☐

ग) गएकै छैन ☐ घ) अन्य ☐

१०. विद्यालयको शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका कस्तो पाउनु भएको छ ?

क) विद्यालय सुधारमा आवश्यक सहयोग गर्ने ☐

ख) विद्यालय शिक्षणमा सहयोग गर्ने ☐

ग) विद्यालय समस्या समाधानमा उचित निर्देशन दिने ☐

घ) शैक्षिक सुपरिवेक्षणमा खासै ध्यान नदिने ☐

११. विद्यालयको शैक्षिक सुपरिवेक्षण पश्चात् स्रोतव्यक्तिले दिएको सुझाव सल्लाह कतिको कार्यान्वयन भएको पाउनु भएको छ ?

क) ०-२५%☐ ख) २५-५०%☐

ग) ५०-७५%☐ घ) ७५-१००%☐

१२. तपाईंको विद्यायमा सुपरिवेक्षण कसरी भइरहेको छ ?

..........................................................................................................

..........................................................................................................

१३. शैक्षिक सुपरिवेक्षणका समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

..........................................................................................................

..........................................................................................................

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

### अनुसूची-४

### स्रोतव्यक्तिलाई सोधिएका प्रश्नहरू

*नाम* *ठेगाना* *पद*

१. तपाईंले गर्ने सुपरिवेक्षणले विद्यायमा के कस्तो प्रभाव पारेको अनुभव गर्नुभएको छ ?

क) सामान्य☐ ख) राम्रो☐

ग) अत्यन्त राम्रो ☐ घ) अन्य

२. वर्षमा कति पटक विद्यालयको सुपरिवेक्षण गर्नुहुन्छ ?

क) एक पटक☐ ख) दुई पटक☐

ग) तीन पटक☐ घ) धेरै पटक☐

३. विद्यालयको शैक्षिक सुपरिवेक्षण गर्दा के कस्ता कार्यहरू गर्नु भएको छ वा के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

क) विद्यालयका समस्याहरू पत्ता लगाउने ☐

ख) प्रधानाध्यापकका समस्याहरू केलाउने ☐

ग) शिक्षकका समस्याहरू पत्ता लगाउने ☐

घ) प्र.अ. तथा शिक्षकका कमी कमजोरी पहिल्याई समाधानमा सहयोग गर्ने ☐

४. शैक्षिक सुपरिवेक्षण गर्दा तपाईंका काममा प्रभाव पार्ने प्रमुख कारक तत्व के हो ?

क) नीति नियमको अभाव☐ ख) स्रोत साधनको अभाव☐

ग) राजनीतिक हस्तक्षेप☐ घ) कार्यान्वयनको कमी☐

५. सुपरिवेक्षणबाट प्राप्त कमी कमजोरीलाई कसरी सुधार गर्ने गर्नु भएको छ ?

क) निर्देशन दिएर☐ ख) आवश्यक सहयोग गरेर ☐

ग) समाधानका उपायहरू बताएर☐ घ) छलफल गरेर☐

६. शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्या समाधान गर्नका लागि के गर्न जनचेतना बढाउनु पर्छ ?

क) जनचेतना बढाउनु पर्छ☐ ख) जनशक्ति बढाउनु पर्छ☐

ग) सेवा सुविधा वृद्धि गर्नुपर्छ☐ घ) सरोकारवाला सबैले इमान्दार हुनुर्पर्छ ☐

७. सुपरिवेक्षणका क्रममा तपाईले दिएका सुझावहरू विद्यालयले कत्तिको कार्यान्वयन गरेको पाउनु भएको छ ?

क) ०-२५%☐ ख) २५-५०%☐

ग) ५०-७५%☐ घ) ७५-१००%☐

८. तपाईंले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरू के के हुन् ?

.................................................................................................

...............................................................................................

९. शैक्षिक सुपरिवेक्षणमा तपाईले भोग्नु परेका समस्याहरू के के हुन् ?

.................................................................................................

...............................................................................................

१०. शैक्षिक सुपरिवेक्षणका समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

.................................................................................................

...............................................................................................

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## अनुसूची-५

## छलफल निर्देशिका

**छलफलका विषयहरू**

१. शैक्षिक सुपरिवेक्षणको अवस्थाका सम्बन्धमा ।

२. स्रोतव्यक्तिले गर्ने शैक्षिक सुपरिवेक्षणको तरिकाका सम्बन्धमा ।

३. शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकाका सम्बन्धमा ।

४. शैक्षिक सुपरिवेक्षणलाई प्रभाव पार्ने कारक तत्वहरूका सम्बन्धमा ।

५. शैक्षिक सुपरिवेक्षणका समस्याका सम्बन्धमा ।

६. समस्या समाधानका सम्बन्धमा ।

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## अनुसूची-६

## २०६७ सालको कक्षागत सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 6 | 7 | 9 |
| 1 | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का | 39 | 37 | 42 | 48 | 50 | 36 | 40 |
| 2 | शिवनगर मा.वि. शिवनगर | 40 | 41 | 36 | 42 | 46 | 34 | 38 |
| 3 | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा | 51 | 52 | 49 | 42 | 51 | 50 | 0 |
| 4 | देवकोटा प्रा.वि. इनरुवा | 48 | 42 | 45 | 39 | 0 | 0 | 0 |
| 5 | चपडाही नि.मा.वि.भुटाहा | 40 | 37 | 42 | 44 | 46 | 45 | 0 |
| 6 | वि.पि.स्मृति प्रा.वि.भुटाहा | 37 | 38 | 36 | 41 | 0 | 0 | 0 |

स्रोत : विद्यालय अभिलेख, २०६७

## अनुसूची-७

## २०६८ सालको कक्षागत सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 6 | 7 | 9 |
| 1 | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का | 40 | 39 | 40 | 46 | 51 | 36 | 39 |
| 2 | शिवनगर मा.वि. शिवनगर | 31 | 43 | 39 | 44 | 45 | 36 | 37 |
| 3 | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा | 50 | 53 | 49 | 43 | 52 | 47 | 0 |
| 4 | देवकोटा प्रा.वि. इनरुवा | 40 | 37 | 39 | 45 | 0 | 0 | 0 |
| 5 | चपडाही नि.मा.वि.भुटाहा | 39 | 37 | 41 | 42 | 45 | 46 | 0 |
| 6 | वि.पि.स्मृति प्रा.वि.भुटाहा | 36 | 38 | 33 | 38 | 0 | 0 | 0 |

स्रोत : विद्यालय अभिलेख, २०६८

## अनुसूची-८

## २०६९ सालको कक्षागत सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 6 | 7 | 9 |
| 1 | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का | 54 | 52 | 47 | 42 | 54 | 51 | 50 |
| 2 | शिवनगर मा.वि. शिवनगर | 48 | 43 | 46 | 50 | 36 | 40 | 42 |
| 3 | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा | 53 | 57 | 48 | 45 | 50 | 53 | 0 |
| 4 | देवकोटा प्रा.वि. इनरुवा | 47 | 45 | 42 | 39 | 0 | 0 | 0 |
| 5 | चपडाही नि.मा.वि.भुटाहा | 39 | 37 | 40 | 45 | 47 | 44 | 0 |
| 6 | वि.पि.स्मृति प्रा.वि.भुटाहा | 40 | 39 | 41 | 44 | 0 | 0 | 0 |

स्रोत : विद्यालय अभिलेख, २०६९

## अनुसूची-९

### २०७० सालको कक्षागत सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 6 | 7 | 9 |
| 1 | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का | 52 | 54 | 47 | 42 | 44 | 37 | 37 |
| 2 | शिवनगर मा.वि. शिवनगर | 48 | 42 | 44 | 40 | 38 | 39 | 36 |
| 3 | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा | 50 | 58 | 54 | 40 | 48 | 48 | 0 |
| 4 | देवकोटा प्रा.वि. इनरुवा | 37 | 37 | 35 | 36 | 0 | 0 | 0 |
| 5 | चपडाही नि.मा.वि.भुटाहा | 37 | 35 | 42 | 46 | 42 | 41 | 0 |
| 6 | वि.पि.स्मृति प्रा.वि.भुटाहा | 31 | 37 | 42 | 41 | 0 | 0 | 0 |

स्रोत : विद्यालय अभिलेख, २०७०

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

### अनुसूची-१०

### २०७१ सालको कक्षागत सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 6 | 7 | 9 |
| 1 | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का | 53 | 52 | 48 | 44 | 40 | 39 | 34 |
| 2 | शिवनगर मा.वि. शिवनगर | 40 | 37 | 39 | 44 | 39 | 35 | 34 |
| 3 | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा | 53 | 58 | 59 | 41 | 46 | 45 | 0 |
| 4 | देवकोटा प्रा.वि. इनरुवा | 36 | 38 | 40 | 38 | 0 | 0 | 0 |
| 5 | चपडाही नि.मा.वि.भुटाहा | 38 | 34 | 40 | 47 | 39 | 38 | 0 |
| 6 | वि.पि.स्मृति प्रा.वि.भुटाहा | 34 | 36 | 42 | 41 | 0 | 0 | 0 |

स्रोत : विद्यालय अभिलेख, २०७१

## शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## अनुसूची-११

### सामुहिक छलफलमा सहभागी स्रोतव्यक्ति, प्र.अ., शिक्षक र वि.व्य.स.अध्यक्षहरू

| क्र.सं. | व्यक्तिको नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| 1 | युवराज प्रसाइ | स्रोतव्यक्ति | भादगाउँ सिनुवारी स्रोतकेन्द्र |
| 2 | गणेश कुमार पोखेल | स्रोतव्यक्ति | बलाहा स्रोतकेन्द्र |
| 3 | सोमराज ढकाल | स्रोतव्यक्ति | भुटाहा स्रोतकेन्द्र |
| 4 | सत्यनारायण धामी | प्रधानाध्यापक | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का |
| 5 | फागुलाल चौधरी | प्रधानाध्यापक | शिवनगर मा.वि. शिवनगर |
| 6 | ईश्वर प्रसाद पोखेल | प्रधानाध्यापक | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा |
| 7 | अनिरुद्ध प्रसाद यादव | प्रधानाध्यापक | देवकोटा प्रा.वि. इनरुवा |
| 8 | भगवान प्रसाद गुप्ता | प्रधानाध्यापक | चपडाही नि.मा.वि.भुटाहा |
| 9 | आलम अन्सारी | प्रधानाध्यापक | वि.पि.स्मृति प्रा.वि.भुटाहा |
| 10 | विष्णु प्रसाद सुवेदी | शिक्षक | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का |
| 11 | रञ्जित कुमार चौधरी | शिक्षक | शिवनगर मा.वि. शिवनगर |
| 12 | परशुराम भट्टराई | शिक्षक | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा |
| 13 | अमोद कुमार चौधरी | शिक्षक | देवकोटा प्रा.वि. इनरुवा |
| 14 | तैयव अन्सारी | शिक्षक | चपडाही नि.मा.वि.भुटाहा |
| 15 | नसिम सिद्धिकी | शिक्षक | वि.पि.स्मृति प्रा.वि.भुटाहा |
| 16 | उखमलाल सरदार | अध्यक्ष | भादगाउँ सिनुवारी उ.मा.वि.झुम्का |
| 17 | ध्रुवनारायण चौधरी | अध्यक्ष | शिवनगर मा.वि. शिवनगर |
| 18 | बुधु मण्डल धानुक | अध्यक्ष | अमरशान्ति सिर्जना नि.मा.वि.इनरुवा |
| 19 | बचुलाल खत्वे | अध्यक्ष | देवकोटा प्रा.वि. इनरुवा |

| | | | |
|---|---|---|---|
| 20 | डोमी मण्डल | अध्यक्ष | चपडाही नि.मा.वि.भुटाहा |
| 21 | वासुदेव राम | अध्यक्ष | वि.पि.स्मृति प्रा.वि.भुटाहा |

स्रोत : विद्यालय अभिलेख, २०७१